# आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
२०६६

# आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीतिको

# मध्यावधि समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
चैत २०, २०६६

# विषय सूची


| विवरण | पृष्ठ |
|---|---|
| पृष्ठभूमि | १ |
| विश्व आर्थिक स्थिति | १ |
| आन्तरिक आर्थिक स्थिति | २ |
| मौद्रिक तथा समग्र तरलता स्थिति | १३ |
| वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति | १४ |
| वाणिज्य बैंकहरूको तरलताको स्थिति | १५ |
| तरलता व्यवस्थापन | १६ |
| समष्टिगत आर्थिक परिसूचकहरूको पछिल्लो स्थिति | १६ |
| वित्तीय तथा वाह्य क्षेत्र कार्यक्रमहरूको कार्यान्वयन स्थिति | १९ |
| आन्तरिक आर्थिक तथा मौद्रिक परिदृष्य | २२ |
| विद्यमान नीतिगत व्यवस्थाहरूमा गरिएका परिवर्तनहरू | २३ |
| मौद्रिक नीतिको अडान तथा व्यवस्थापन | २५ |
| निष्कर्ष | २७ |

| | | |
|---|---|---|
| अनुसूची १ | आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरूको प्रगति तालिका विवरण | २९ |
| अनुसूची २ | परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने वस्तुहरूको सूची | ४४ |
| अनुसूची ३ | मौद्रिक सर्वेक्षण | ४८ |

तथ्याङ्क तालिका सूची

# मध्यावधि समीक्षा

# २०६६/६७

## पृष्ठभूमि

१. चालू आर्थिक वर्ष २०६६/६७ का लागि मौद्रिक नीति २०६६ साउन ९ गते सार्वजनिक गरिएको थियो । नेपाल राष्ट्र बैंकले मौद्रिक नीति सार्वजनिक गर्न शुरुवात गरे देखिको हरेक वर्ष उक्त मौद्रिक नीतिको मध्यावधि समीक्षा गर्दै आएको छ । अर्थतन्त्रको उत्पादन, सरकारी वित्त, मौद्रिक तथा वित्तीय क्षेत्र र वाह्य क्षेत्रको अर्ध-वार्षिक समीक्षा र बाँकी अवधिको आन्तरिक तथा वाह्य परिदृष्यको आधारमा मौद्रिक नीतिको कार्यदिशा तथा व्यवस्थापन सम्वन्धी कार्यक्रम समावेश गरी मध्यावधि समीक्षा सार्वजनिक गर्ने गरिएको छ । यस मध्यावधि समीक्षाले पनि अर्थतन्त्रको समष्टिगत परिसूचकहरु र यस बैंकले कार्यान्वयनमा ल्याएका नीति तथा कार्यक्रमहरुको बारेमा जानकारी लिन र आगामी दिनहरूमा मौद्रिक तथा वित्तीय व्यवस्थापनमा सुधार गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

## विश्व आर्थिक स्थिति

२. आवास तथा घरजग्गा क्षेत्रको कर्जा असुलीको समस्याबाट सन् २००७ को उत्तरार्धदेखि उदाएको अमिरिकी वित्तीय संकट गहिरिदै जाँदा विश्व अर्थतन्त्र नै आर्थिक मन्दीको चपेटामा पऱ्यो । वित्तीय क्षेत्रमा तरलताको अभाव र पूँजी बजारको भारी गिरावटले लगानीकर्ता र उपभोक्ताको आत्मविश्वासमा कमी आई समष्टिगत माग घटेकोले विश्वको आर्थिक वृद्धिमा गम्भीर धक्का लाग्यो । त्यसैले विश्व उत्पादन सन २००८ मा ३ प्रतिशत र सन २००९ मा ०.८ प्रतिशतले संकुचित भएको छ। सरकार र केन्द्रीय बैंकहरुले अवलम्बन गरेका वित्तीय तथा मौद्रिक उपायहरु र अन्तराष्ट्रिय वित्तीय संस्थाहरु र जी-२० समूह लगायतले अन्तर्राष्ट्रिय स्तरमा गरेको सामूहिक प्रयासबाट लगानी कर्ताहरुको आत्मविश्वास सुदृढ भएकोले सन २०१० यता आन्तरिक तथा वाह्य मागमा सुधार हुन गई अधिकांश मुलुकहरुमा आर्थिक पुनरउत्थानको क्रम शुरु भएको हो । फलस्वरुप, सन् २०१० मा विश्वको आर्थिक वृद्धिदर ३.९ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ ।

३. आर्थिक पुनरउत्थानको गति भने विश्वका विभिन्न क्षेत्र तथा मुलुकहरूमा समान रहेको छैन । विकसित मुलुकको तुलनामा उदीयमान तथा विकासशील राष्ट्रहरुमा यस्तो गति तीव्रतर रहेको र विकसित मुलुकहरुमा भने केहि जोखिम तथा चुनौतीहरु विद्यमान रहेको उक्त कोषको विश्लेषण छ । विश्वको सवैभन्दा ठूलो अमेरिकी अर्थतन्त्र सन् २००९ मा करिब २.५ प्रतिशतले संकुचित भएकोमा पूँजी बजार तथा लगानीकर्ता र उपभोक्ताको आत्मविश्वासमा सुधार आएकोले समष्टिगत मागमा वृद्धि भई सन २०१० मा २.७ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ। युरो क्षेत्र र संयुक्त अधिराज्यको आर्थिक वृद्धिदर सन् २००९ मा क्रमशः ३.९ प्रतिशत र ४.८ प्रतिशतले ऋणात्मक रहेकोमा सन् २०१० मा क्रमशः १.० प्रतिशत र १.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । त्यसैगरी, सन् २००९ मा ५.३ प्रतिशतले संकुचित भएको जापानी अर्थतन्त्र सन् २०१० मा १.७ प्रतिशतले विस्तार हुने अनुमान छ। विकसित मुलुकहरुमा विद्यमान उच्च वेरोजगारी तथा सरकारी ऋण आर्थिक पुनरउत्थानको प्रक्रियामा प्रमुख चुनौतीको रुपमा रहेका छन ।

४. नेपालका दुई छिमेकी मुलुकहरुमध्ये भारतीय अर्थतन्त्र सन् २००८ मा ७.३ प्रतिशतले वृद्धि भएकोमा सन २००९ मा ५.६ प्रतिशतले मात्र विस्तार भयो । त्यसैगरी, सन २००८ मा चीनको उत्पादन ९.६ प्रतिशतले बढेकोमा सन २००९ मा उत्पादन वृद्धिदर ८.७ प्रतिशत रहेको अनुमान छ । आन्तरिक माग तथा निर्यातको वृद्धिदरमा कमी आएसंगै औद्योगिक उत्पादनको वृद्धिमा पनि कमी आएकोले भारत तथा चीनको आर्थिक वृद्धिदरमा कमी आएको हो । सन् २०१० मा भारत र चीनको आर्थिक वृद्धिदर क्रमशः ७.७ प्रतिशत र १०.० प्रतिशत रहने प्रक्षेपण छ ।

५. मन्दीको अवस्थाबाट अर्थतन्त्रलाई सुधारतर्फ लैजान विश्वभर नै केन्द्रीय बैंकहरुले नीतिगत दरहरुमा ऐतिहासिक रुपमा कटौति गरेका थिए । विश्व अर्थतन्त्र मन्दीको अवस्थाबाट सुधारोन्मुख दिशामा अग्रसर भएको भएपनि जोखिम तथा चुनौतीहरु विद्यमान रहेकोले अधिकांश मुलुकहरु सुरक्षित वर्हिगमन रणनीति (Exit strategies) तय गर्नमा केन्द्रित छन । अमेरिकी फेडरल रिजर्भले लामो समयदेखि लक्षित फण्डस् रेट शुन्य देखि ०.२५ प्रतिशत कायम गरेको छ । उपभोग तथा लगानी प्रोत्साहित गर्न भारत र चीनका केन्द्रीय बैंकहरुले पनि नीतिगत दरहरुमा कटौति गरेका थिए । भारतीय रिजर्भ बैंकले रिपो दर ९ प्रतिशतबाट घटाएर ४.७५ प्रतिशतमा र अनिवार्य नगद मौज्दात दर ९.० प्रतिशतबाट घटाएर ५.० प्रतिशत कायम गरेकोमा मौद्रिक नीतिको कडा अडानको शुरुवात तर्फ संकेत गर्दै हालै अनिवार्य नगद मौज्दात दरमा ७५ आधार विन्दुले वृद्धि गरी ५.७५ प्रतिशत कायम गरेको छ । चीनको केन्द्रीय बैंकले पनि मौद्रिक नीतिलाई कडाई गर्दै लगेको छ ।

६. सन् २००९ मा विकसित मुलुकहरुमा उपभोक्ता मूल्य सूचकाङ्क ०.१ प्रतिशतले मात्र वृद्धि भएकोमा सन २०१० मा मुद्रास्फीतिदर १.३ प्रतिशत रहने अनुमान छ । त्यस्तै, उदीयमान तथा विकासोन्मुख मुलुकहरुमा सन २००९ मा मुद्रास्फीतिदर ५.२ प्रतिशत रहेकोमा सन २०१० मा ६.२ प्रतिशत पुग्ने अनुमान गरिएको छ । आर्थिक पुनरउत्थानको क्रममा अपनाईएको लचिलो मौद्रिक तथा वित्त नीति र इन्धनको मूल्यमा वृद्धि हुदै आएकाले मुद्रास्फीतिदर बढने अनुमान रहेको हो । छिमेकी मुलुक भारतमा भने मुद्रास्फीतिदर उच्च हुँदै गएको छ । जुलाई ११, २००९ मा ४.९ प्रतिशतले वृद्धि भएको थोक मूल्य सूचकाङ्क जनवरी २०१० मा ८.३ प्रतिशतले वृद्धि भएको छ । उपभोक्ता मूल्य भने सोही अवधिमा १६.२ प्रतिशतले बढेको छ ।

## आन्तरिक आर्थिक स्थिति

७. विश्व अर्थव्यवस्थासँग नेपाली अर्थतन्त्र वित्तीय रुपले प्रत्यक्ष एकीकृत नभएपनि व्यापार, पर्यटन तथा श्रमका माध्यमबाट वाह्य क्षेत्रसंग जोडिएको छ । वाह्य क्षेत्रसंगको कारोवार र गहिराईलाई प्रतिविम्वित गर्ने शोधनान्तरतर्फको चालू खाता कारोवारमा भएको निरन्तर वृद्धिले पनि नेपालको वाह्य क्षेत्रसंग गहिरिदै गएको सम्बन्धलाई इङ्गित गर्दछ । यसर्थ विश्व अर्थतन्त्रमा आउने विस्तार तथा संकुचन जस्ता घटनाक्रम र मूल्यमा आउने उतारचढावले नेपाली अर्थतन्त्रलाई प्रभावित गर्दछ । अर्कोतर्फ, मुलुक राजनैतिक संक्रमणको अवस्थाबाट गुज्रिरहेको छ । राजनीतिक संक्रमण लम्बिदै गएको कारण निरन्तर आयोजना गरिने बन्द, हडताल, चक्काजाम जस्ता गतिविधि, कमजोर शान्ति सुरक्षा, श्रम विवाद, लामो समयसम्मको विद्युत लोडशेडिङ्ग जस्ता आन्तरिक गैर-आर्थिक कारणहरूले पनि अर्थतन्त्रलाई चुनौतीतर्फ धकेल्दै लगेका छन । औद्योगिक तथा लगानी वातावरणमा आएको प्रतिकूलताले अर्थतन्त्रको

आन्तरिक माग सम्बोधन गर्ने क्षमतामा ह्रास आई मूल्य वृद्धि, व्यापार घाटा, विदेशी विनिमय संचिति लगायत समग्र आर्थिक व्यवस्थापन कमजोर बन्दै गएको छ ।

८. कूल गार्हस्थ्य उत्पादनमा एक तिहाई अंश ओगटने कृषि क्षेत्रको उत्पादन धेरै हदसम्म मनसुनको अवस्थामा निर्भर रहने गरेको छ । यस वर्षको वर्षे मनसुन सन्तोषजनक रहेन । वर्षे मनसुन ढिला गरी शुरु भएको तथा वर्षाको मात्रा पनि औषत भन्दा निकै कम रहेकोले प्रमुख खाद्यान्न बालीको उत्पादनमा प्रतिकूल प्रभाव पर्न गयो । नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले २०६६ पुस महिनामा सार्वजनिक गरेको प्रमुख खाद्यान्न बालीहरुको प्रारम्भिक उत्पादन अनुमान अनुसार आर्थिक वर्ष २०६६/६७ मा धानको उत्पादन अघिल्लो वर्ष भन्दा ११.१ प्रतिशतले घटेको उल्लेख छ । प्रतिकूल मनसुनको कारण धान बालीको उत्पादकत्व (६.६ प्रतिशत) र बाली लगाईएको क्षेत्रफल (४.८ प्रतिशत) दुवैमा गिरावट आएको छ । त्यसैगरी, अर्को प्रमुख खाद्यान्न बाली मकैको उत्पादनमा ३.९ प्रतिशतले कमी आउने प्रारम्भिक अनुमान रहेको छ ।

९. वर्षे मनसुन कमजोर रहेतापनि हिउँदे वर्षा सन्तोषप्रद रहेकोले गहुँ लगायत हिउँदे बाली, तरकारी र फलफूलको उत्पादनमा वृद्धि हुने अनुमान छ । नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयको प्रारम्भिक अनुमानमा यस वर्ष गहुँको उत्पादन अघिल्लो वर्षको तुलनामा ५ प्रतिशतले वृद्धि हुने उल्लेख छ । यसको साथै आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्यमा कृषकहरुलाई रासायनिक मलमा अनुदान उपलब्ध गराउन रू १ अर्ब ५० करोड विनियोजन गरिएकोले रासायनिक मलको उपयोगमा वृद्धि भई कृषि उत्पादनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । यसैगरी नेपालका पूर्वी जिल्लाहरुमा अघिल्लो वर्ष देखिएको वर्ड फ्लूको संक्रमण यस वर्ष नियन्त्रित रहेकोले पंक्षीजन्य उत्पादन पनि वढने अनुमान छ ।

१०. गैर-कृषि क्षेत्रतर्फ केन्द्रीय तथ्याङ्क विभागका अनुसार चालू आर्थिक वर्ष २०६६/६७ को पहिलो त्रयमासमा औद्योगिक उत्पादन सूचकाङ्क ०.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो सूचकाङ्क १.२ प्रतिशतले घटेको थियो । यस वर्षको पहिलो त्रयमासमा प्रशोधित दुध, चाउचाउ, पेय पदार्थ, सुतीका कपडा, प्लाष्टिकका सामान, सिमेन्ट, ईटा, फलामे छड तथा पत्ती, विद्युतीय तार तथा केवलको उत्पादन बढेको छ भने वनस्पति घ्यू, सोयाविन तेल, उनी गलैंचा, तयारी पोशाक, धागो, औषधि तथा सावुनको उत्पादन घटेको छ ।

११. विद्युतको माग र जडित क्षमताकाबीच अन्तर बढदै गएकाले विगत केही वर्षदेखि हिउँदयाममा लामो समयसम्मको लोडशेडिङ्ग हुँदै आएको छ । बढदो लोडशेडिङ्गले सामान्य जनजीवनका अतिरिक्त सेवा क्षेत्र र औद्योगिक उत्पादन तथा उत्पादन लागतमा समेत प्रतिकूल असर पर्न गई आर्थिक सन्तुलनलाई समेत कमजोर बनाएको छ । पहिलो त्रयमासमा औद्योगिक उत्पादन सूचकाङ्क सीमान्त वृद्धि भएतापनि बाँकी अवधिमा औद्योगिक उत्पादन धेरै हदसम्म विद्युत आपूर्तिको अवस्थामा निर्भर रहने देखिन्छ । विद्युत संकट निराकरणका लागि जारी गरिएको तत्कालीन, अल्पकालीन र दीर्घकालीन कार्ययोजना सहितको "राष्ट्रिय विद्युत निरुपण कार्ययोजना-२०६५" को प्रभावकारी कार्यान्वयन गरी लोडशेडिङ्गको समयलाई घटाउदै लैजान तदारुकताकासाथ कार्य गर्नु पर्ने देखिन्छ । ठूलो स्तरका जलविद्युत आयोजना सम्पन्न भई उर्जा संकट न्यूनिकरण हुन समय लाग्ने भएकोले साना आयोजनाहरूको द्रुत कार्यान्वयन, विद्यमान आयोजनाहरूको मर्मत सम्भार तथा अन्य बैकल्पिक उपायहरू

अवलम्बन गरी उर्जा समस्यालाई न्यूनीकरण गर्न सकेमा आर्थिक गतिविधिमा गतिशिलता आउने छ ।

१२. सेवा क्षेत्रतर्फ आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनासम्ममा हवाई मार्गबाट नेपाल आउने पर्यटक संख्या ८.१ प्रतिशतले बढी २ लाख १४ हजार पुगेको छ । यस अवधिमा तेस्रो मुलुकबाट हुने पर्यटक आगमन १०.७ प्रतिशतले बढेको छ भने भारतीय पर्यटक आगमन २.१ प्रतिशतले घटेको छ । विश्व आर्थिक मन्दीमा सुधार तथा नेपालमा हवाई उडान भर्ने वाह्य कम्पनीहरूको संख्यामा वृद्धि भएकोले पर्यटक आगमन वृद्धिमा सहयोग पुऱ्याएको हो । समीक्षा अवधिमा पर्यटन क्षेत्रको आय समावेश हुने भ्रमण आय पनि ६.२ प्रतिशतले बढेको छ ।

१३. संचारतर्फ समीक्षा अवधिमा नेपाल टेलिकमको टेलिफोन लाइन वितरणमा विस्तार भएको छ। टेलिकमले वितरण गरेको टेलिफोन लाइन संख्या अघिल्लो वर्षको पहिलो छ महिनामा २४.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १४.५ प्रतिशतले बढेको छ। यसका अतिरिक्त ग्रामीण क्षेत्रमा टेलिफोन सेवा उपलब्ध गराउने कम्पनीहरु, स्पाइस नेपाल तथा यूटीएलले समेत थप सेवा विस्तार गरेका छन् ।

१४. समीक्षा अवधिमा थप १० विकास बैंक, २ वित्त कम्पनीको स्थापना भएको र वाणिज्य बैंकका शाखा संख्यामा पनि उल्लेख्य वृद्धि हुनुको साथै बैंकहरुको कर्जा प्रवाह, निक्षेप परिचालन एवं मुनाफामा समेत वृद्धि भएको कारण वित्तीय मध्यस्थता सेवाको वृद्धिदर सन्तोषजनक रहने अनुमान छ ।

१५. विश्व आर्थिक मन्दीको प्रभाव नेपालका प्रमुख रोजगार गन्तव्य मुलुकहरुमा समेत परेकोले अघिल्लो वर्ष वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्या १२.८ प्रतिशतले घटेकोमा उक्त मुलुकहरुमा मन्दीको प्रभाव न्यून हुँदै गएकोले नेपाली श्रमिकहरुको माग पनि बढन थालेको छ । आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनामा वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्या ३.३ प्रतिशतले बढेको छ। यस अवधिमा खासगरी मलेशिया र यू.ए.ई. बाट नेपाली श्रमिकहरुको माग उल्लेख्य रुपले बढेको छ । फलस्वरुप, समीक्षा अवधिमा वैदेशिक रोजगारीको प्रमुख दुई गन्तब्यहरुमा मलेशिया (२८.५ प्रतिशत) र यू.ए.ई. (२३.८ प्रतिशत) रहेका छन । यस अवधिमा अन्य प्रमुख गन्तब्यहरुमा कतार (२२.६ प्रतिशत) र साउदी अरेबिया (१३.६ प्रतिशत) रहेका छन् ।

१६. मूल्य स्थितितर्फ आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मूल्य वृद्धि ११.८ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त मूल्य वृद्धि १४.४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १८.१ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ४.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यी समूहहरुको मूल्य वृद्धिदर क्रमशः १८.३ प्रतिशत र १०.३ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा दलहन, मरमसला, तरकारी तथा फलफूल र माछा, मासु तथा फुलको मूल्य वृद्धिदर उच्च रहेकोले खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धिदर उच्च रहन गएको हो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धिदर उच्च रहेपनि गैरखाद्य तथा सेवा समूहको मूल्य वृद्धिदरमा सुधार आएकोले समग्र उपभोक्ता मूल्य वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कम रहन गएको हो । घरायसी वस्तु तथा सेवाको वार्षिक विन्दुगत मूल्य वृद्धिदरमा आएको कमी, यातायातको भाडादरमा गरिएको समायोजनको आधार प्रभावको अन्त्य र नेपाली मुद्राको अधिमूल्यन जस्ता कारणहरूले गैरखाद्य तथा सेवा समूहको मूल्य वृद्धिमा सुधार हुन सहयोग पुगेको छ ।

१७. समीक्षा अवधिमा खाद्यान्न उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धिदर ११.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धिदर १६.५ प्रतिशत रहेको थियो । यस उप-समूह अन्तर्गत चामल तथा चामलजन्य पदार्थको मूल्य वृद्धिदर अघिल्लो वर्षको यसै अवधिको भन्दा कम रहेकोले उक्त उप-समूहको वार्षिक मूल्य वृद्धिदर कम रहन गएको हो । त्यसैगरी, समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ७७.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धिदर ३७.३ प्रतिशत रहेको थियो । यसैगरी, समीक्षा अवधिमा दलहन, मरमसला, तरकारी तथा फलफूल र माछा, मासु तथा फुलको वार्षिक विन्दुगत मूल्य वृद्धि क्रमशः ३६.७ प्रतिशत, ३४.८ प्रतिशत, २९.२ प्रतिशत र २२.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यी उप-समूहहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि क्रमशः २५.६ प्रतिशत, ८.१ प्रतिशत, १३.३ प्रतिशत, र २२.५ प्रतिशत रहेको थियो ।

१८. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १७.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क १५.४ प्रतिशतले बढेको थियो । तलब तथा ज्यालादरमध्ये तलब सूचकाङ्क अघिल्लो वर्षको पहिलो छ महिनामा १२.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १८.० प्रतिशतले वृद्धि भएको छ । सरकारी कर्मचारी, सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा वृद्धि भएकोले समीक्षा अवधिमा तलव सूचकाङ्क उच्च दरले बढेको हो । त्यसैगरी, ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १७.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क १६.४ प्रतिशतले बढेको थियो । ज्यालादर अन्तर्गत औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क १३.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क ७.१ प्रतिशतले बढेको थियो । तलब तथा ज्यालादर सूचकाङ्कमा आएको वृद्धिले समीक्षा अवधिमा आन्तरिक उत्पादन लागत बढ्न गएको छ ।

१९. सरकारी वित्ततर्फ आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनाको अवधिमा नेपाल सरकारको नगद प्रवाहमा आधारित बजेट रू. १० अर्ब १६ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बजेट रू. ७ अर्ब ४२ करोडले बचतमा रहेको थियो । पूँजीगत खर्चमा विस्तार हुन नसकेकोले बजेट बचतमा रहेको हो ।

२०. समीक्षा अवधिमा नेपाल सरकारले ट्रेजरी विल्सको निष्कासन मार्फत् रू २६ करोडको आन्तरिक ऋण परिचालन गरेको छ भने रू २ करोड ५४ लाखको विशेष ऋणपत्र भुक्तानी गरेको छ । यसर्थ, समीक्षा अवधिमा खुद आन्तरिक ऋण परिचालन रू २३ करोड ४६ लाख रहेको छ । नेपाल सरकारको खर्च भन्दा गैर-ऋण साधन परिचालन उच्च रहेकोले कम आन्तरिक ऋण परिचालन हुन गएको हो ।

२१. आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनाको अवधिमा नेपाल सरकारको खर्चको तुलनामा साधन परिचालन उच्च रहेकोले नेपाल राष्ट्र बैंकमा रू १२ अर्ब २६ करोड कूल नगद बचत कायम रहेको छ । नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट उपयोग गरेको रू ८ अर्ब ८४ करोड अधिविकर्षलाई समायोजन गर्दा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग २०६६ पुस मसान्तमा रहेको नगद बचत रू ३ अर्ब ४२ करोड हुन आउँछ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रू २२ अर्ब ५९ करोड नगद बचत कायम रहेको थियो ।

२२. आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनासम्ममा नगद प्रवाहमा आधारित कूल सरकारी खर्च ३१.८ प्रतिशतले वृद्धि भई रु. ८६ अर्ब २९ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा सरकारी खर्च १२.३ प्रतिशतले वृद्धि भएको थियो । नेपाल सरकारको कूल खर्च अन्तर्गत चालू खर्च ४०.२ प्रतिशतले बढी रु. ६० अर्ब ६४ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा चालू खर्च १३.१ प्रतिशतले बढेको थियो । सरकारी कर्मचारी एवं शिक्षकहरुको तलब भत्तामा गरिएको वृद्धि, विशेष सुरक्षा योजनाको कार्यान्वयन, विद्यालय अनुदानमा वृद्धि तथा आर्थिक सहायता वितरण जस्ता कारणबाट समीक्षा अवधिमा चालू खर्चको वृद्धि उल्लेख्य रहेको हो । समीक्षा अवधिमा पूँजीगत खर्च बजेट विनियोजनको ९.९ प्रतिशत अर्थात रु. १० अर्ब ५५ करोड रहेको छ । विगत केही वर्ष देखि पूँजीगत खर्च न्यून रुहनु पनि अर्थतन्त्रको एक प्रमुख चुनौतीको रुपमा रहेको छ ।

२३. आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ३४.० प्रतिशतले वृद्धि भई रु. ७९ अर्ब ६८ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा राजस्व परिचालन २५.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर मार्फत रू. २४ अर्ब ६२ करोड, भन्सार महसूलबाट रू १६ अर्ब १२ करोड, अन्तःशुल्क मार्फत रू ११ अर्ब ६ करोड र आयकरबाट रू १४ अर्ब ९२ करोड राजस्व परिचालन भएको छ । समीक्षा अवधिमा "कर सहभागिता वर्ष २०६६/६७" को कार्यान्वयन, स्थायी लेखा नम्बर लिनेको संख्यामा वृद्धि, कर स्वयं सेवकहरुको परिचालन, उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाको आयातमा वृद्धि, कर चुहावट नियन्त्रण एवं राजस्व प्रशासनमा भएको समग्र सुधारबाट राजस्व परिचालनमा वृद्धि भएको हो । राजस्व परिचालनको समीक्षा अवधिसम्मको प्रवृत्ति बाँकी अवधिमा पनि कायम रहेमा राजस्व परिचालनको वार्षिक लक्ष्य पुरा हुने देखिन्छ ।

२४. आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनाको अवधिमा वैदेशिक नगद अनुदान १९.३ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ७ करोड प्राप्त भएको छ भने वैदेशिक नगद ऋण अघिल्लो वर्षको तुलनामा २९.१ प्रतिशतले घटेर रु. १ अर्ब ९८ करोड हुन आएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा वैदेशिक अनुदान रू १० अर्ब ९६ करोड र वैदेशिक नगद ऋण रु. २ अर्ब ७९ करोड प्राप्त भएको थियो । पूँजीगत खर्चमा विस्तार ल्याई बजेट बक्तब्यमा उल्लेख भएबमोजिम दातृ निकायबाट बढी भन्दा बढी विदेशी अनुदान परिचालन गर्न सकेमा हाल उच्च स्तरमा रहेको शोधनान्तर घाटा कम गर्नमा पनि सहयोग पुग्ने छ ।

२५. वित्तीय क्षेत्रतर्फ नेपालको शेयर बजार परिसूचक नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा २०६५ पुस मसान्तको ६५९.८१ विन्दुबाट १९.५ प्रतिशतले घटी २०६६ पुस मसान्तमा ५३०.९६ विन्दुमा झरेको छ । २०६४ पुस मसान्तमा उक्त सूचकाङ्क ९५८.९१ विन्दुमा रहेको थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क पनि २०६५ पुस मसान्तको १७३.११ विन्दुबाट २०६६ पुस मसान्तमा १२९.६० विन्दुमा आई पुगेको छ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारको वजार मूल्यलाई आधार मानी गणना गरेको Nepse Float Index २०६६ पुस मसान्तमा ५०.३९ विन्दुमा झरेको छ भने बैंकिङ्ग क्षेत्रको मात्र कारोवार मूल्यलाई प्रतिनिधित्व गर्ने Banking Sub-Index २०६४ र २०६५ को पुस मसान्तमा कायम रहेको क्रमशः ९५१.२६ विन्दु र ६२७.३९ विन्दुबाट २०६६ पुस मसान्तमा ५०६.६२ विन्दुमा झरेको छ ।

२६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०६६ पुस मसान्तमा १६५ पुगेको छ भने यी कम्पनीहरूको चूक्ता पूँजी रू ७१ अर्ब ७१ करोड रहेको छ । २०६५ को पुस मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या १४९ र चूक्ता पूँजी रू ४८ अर्ब २० करोड रहेको थियो । यस तथ्यबाट एक वर्षमा मात्रै रू २३ अर्ब ५१ करोड बराबरको थप पूँजी वित्तीय बजारबाट परिचालित भएको देखिन्छ । २०६६ पुस मसान्तसम्मा १६५ कम्पनीहरूको ७४ करोड ५३ लाख ७ हजार कित्ता शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका छन । २०६४ र २०६५ पुस मसान्तमा क्रमशः २६ करोड ४६ लाख ८५ हजार र ५१ करोड १६ लाख ९५ हजार कित्ता शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका थिए । हाल सूचीकृत कम्पनीहरुमध्ये १३३ वटा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन तथा प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

२७. समीक्षा अवधिमा ६ बैंक तथा वित्तीय संस्था र १ हाईड्रोपावर कम्पनी लिमिटेडले सर्वसाधारणका लागि जारी गरेको रू ३ अर्ब ३३ करोड १५ लाख बराबरको ३ हजार ३ सय पन्ध्र कित्ता साधारण शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका छन । त्यस्तै, समीक्षा अवधिमा ३४ बैंक तथा वित्तीय संस्थाले आफ्ना शेयर धनीका लागि जारी गरेको रू ३ अर्ब ७७ करोड ४६ लाख हकप्रद शेयर, रू २ अर्ब १७ करोड ६० लाख बोनस शेयर गरी जम्मा रू ५ अर्ब ७५ करोड बराबरको शेयर र रू ५ अर्ब ७५ करोड बराबरको सरकारी ऋणपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका छन । साथै, नेपाल स्टक एक्सचेन्जबाट समीक्षा अवधिमा १७ वटा बैंक तथा वित्तीय संस्था र २ वटा विमा कम्पनीले रू ६ अर्ब ७७ करोड बराबरको हकप्रद शेयर र १० वित्तीय संस्था र १ विमा कम्पनीले रू ३९ करोड ५४ लाख बराबरको साधारण शेयर निष्कासन गर्ने अनुमति पाएका छन ।

२८. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूमा बैंकिङ्ग समूहको अधिकतम हिस्सा रहेको छ । तसर्थ, बैंकिङ्ग समूहको शेयर मूल्यमा आउने उतारचढावले समग्र सूचकाङ्कमा प्रभाव पर्दछ । अधिकांश बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको पूँजी संरचना अनुरुप पूँजी वृद्धि गर्न हकप्रद तथा बोनस शेयर जारी गरेका र नयाँ कम्पनीहरूले समेत शेयर जारी गरेकोले बजारमा शेयरको कूल आपूर्ति बढन गई नेप्से सूचकाङ्कमा गिरावट आउन गएको हो । साथै, अधिकांश बैंक तथा वित्तीय संस्थाको पूँजी संरचना नेपाल राष्ट्र बैंकले तोकेको स्तर नजिक पुगेको, घरजग्गा तथा रियल स्टेटतर्फको लगानी आकर्षित भई बैंक कर्जा त्यसतर्फ उच्च दरले वृद्धि भएको र विश्व वित्तीय संकटको मनोवैज्ञानिक असर लगानीकर्तामा रहिरहेकोले शेयर लगानीतर्फ कम चासो देखिएकोले पनि शेयर मूल्यमा प्रभाव पर्न गएको छ । तसर्थ, धितोपत्र बजारमा कुनै एक क्षेत्र केन्द्रित कारोवारको अधिपत्यबाट उक्त बजार दीगो र स्थायी हुन नसक्ने भएकोले बजारलाई स्थिरता प्रदान गर्न र लगानीकर्ताको विश्वास कायम राख्न उत्पादनमूलक उद्योग, जलविद्युत र सेवा क्षेत्रमा लगानी विविधिकरण गर्ने वातावरण बनाउन आवश्यक छ ।

२९. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत भएका शेयर संख्या र रकमको आधारमा बैंक तथा वित्तीय संस्थाले वित्तीय बजारबाट पर्याप्त पूँजी परिचालन गर्न सकेको देखिन्छ । वित्तीय बजारबाट पर्याप्त पूँजी परिचालन गर्न सकेकोले नै नयाँ बैंक तथा वित्तीय संस्था स्थापना गर्ने कार्यलाई बल मिलेको हो । बैंक तथा वित्तीय संस्थाहरूको कारोवारको पारदर्शिता तथा वित्तीय अनुशासन कायम गर्न अन्तराष्ट्रिय स्तरको सुपरिवेक्षकीय मापदण्डहरूको कार्यान्वयन र

नियामक निकायको निरन्तर अनुगमन तथा सुपरिवेक्षण जस्ता कार्यले उक्त संस्थाहरूप्रति सर्वसाधारणको विश्वास आर्जन भएकाले नै वित्तीय बजारबाट यथेष्ट पूँजी परिचालन गर्न सम्भव भएको हो । तर, उत्पादनमुलक र सेवा क्षेत्रले वित्तीय बजारबाट उल्लेख्य पूँजी परिचालन गर्न सकेका छैनन । उपयुक्त लगानी वातावरण बन्न सके र वित्तीय क्षेत्र जस्तै उद्योग तथा सेवा क्षत्रको कारोवारलाई अनुगमन गर्न तथा पारदर्शी बनाउन नियामक निकायको प्रभावकारी उपस्थिति हुन सके नेपालको जलविद्युत लगायत उत्पादनमुलक उद्योग र सेवा जस्ता क्षेत्रहरूमा लगानीको लागि पूँजी बजारबाट साधन जुटाउन सहयोग पुग्ने छ ।

३०. शेयर मूल्यमा आएको गिरावट यस बैंकको लागि पनि चासोको विषय हो । शेयर मूल्यमा आएको गिरावटले खराव कर्जाको मात्रा बढ्न गई बैकिङ्ग क्षेत्रको स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुन्छ । हाल शेयर बजारमा देखिएको समस्यालाई दृष्टिगत गरी शेयर कर्जा नविकरण तथा मार्जिन कलको व्यस्थालाई केही खुकुलो गरिएकोछ ।

३१. आर्थिक वर्ष २०६६/६७ को पुस मसान्तसम्ममा १० विकास बैंक र २ वित्त कम्पनी गरी १२ वटा थप वित्तीय संस्थाहरू स्थापना भएका छन् । समीक्षा अवधिमा दुई वित्त कम्पनीहरू नारायाणी फाईनान्स कम्पनी लिमिटेड र नेश्नल फाईनान्स कम्पनी लिमिटेड एक अर्कामा गाभिएका छन । २०६६ पुस मसान्तसम्म २६ वाणिज्य बैंक, ७३ विकास बैंक, ७८ वित्त कम्पनीहरू, १७ लघु वित्त विकास बैंकहरू, यस बैंकबाट इजाजतप्राप्त सीमित बैंकिङ्ग कारोवार गर्ने १६ सहकारी संस्थाहरू तथा ४५ लघु वित्त कारोवार गर्ने गैर-सरकारी संस्थाहरू रहेका छन् । यसप्रकार यी उल्लेखित वित्तीय संस्थाहरूको कूल संख्या २०६६ असार मसान्तमा २४२ रहेकोमा २०६६ पुस मसान्तमा २५५ पुगेको छ । त्यसैगरी, २०६६ असार मसान्तमा वाणिज्य बैंकहरूको ७५२ शाखा संख्या रहेकोमो पुस मसान्तसम्ममा ९३ शाखा थप भई ८४५ पुगेका छन । अन्य वित्तीय संस्थाहरूतर्फ २०६६ पुस मसान्तसम्ममा ९ जीवन विमा र १६ निर्जीवन विमा गरी २५ वीमा कम्पनीहरू संचालनमा रहेका छन् ।

३२. आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनाको अवधिमा अन्तरबैंक कारोवारमा २.८ प्रतिशतले वृद्धि भई रू १५० अर्ब ९० करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा अन्तर-बैंक कारोवारमा १२.७ प्रतिशतले कमी आई रू १४६ अर्ब ७६ करोड रहेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जामा वृद्धि भएकोले अन्तरबैंक कारोवारमा वृद्धि भएको हो । वाणिज्य बैंकहरूले अन्तरबैंक कारोवारलाई तरलता व्यवस्थापनको लागि पहिलो उपायको रुपमा प्रयोग गर्दै आएका छन । अन्तरबैंक कारोवारमा आएको वृद्धिले वित्तीय बजारमा वित्तीय साधनको कुशल परिचालन गर्ने वातावरण विकास हुँदै गरेको संकेत गरेको छ ।

३३. आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनाको अवधिमा अन्तरबैंक कारोवारको अतिरिक्त अन्तरबैंक दरमा पनि वृद्धि भएको छ । २०६६ कार्तिक महिनादेखि अल्पकालीन व्याजदरहरूमा वृद्धि हुने क्रम शुरू भएको हो । २०६६ पुस महिनामा भारित औसत अन्तरबैंक व्याजदर १२.८३ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको यसै महिनामा उक्त व्याजदर ३.३७ प्रतिशत रहेको थियो । अन्तरबैंक कारोवारको दरले केही हदसम्म बैंकिङ्ग क्षेत्रमा रहेको तरलताको स्थितिलाई पनि इङ्गित गर्ने गरेको छ । उच्च शोधनान्तर घाटा, नेपाल सरकारको नगदबचत तथा उच्च कर्जा विस्तारका कारण तरलतामा चाप परेकोले अन्तरबैंक व्याजदर लगायत अन्य व्याजदरहरू समीक्षा अवधिमा बढेका हुन ।

३४. ९१-दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर २०६६ पुस महिनामा ८.७४ प्रतिशत कायम भएको छ । अघिल्लो आर्थिक वर्षको यसै महिनामा उक्त व्याजदर ४.३२ प्रतिशत कायम भएको थियो ।

३५. अन्तरबैंक तथा ट्रेजरी विल्स व्याजदरको अलावा निक्षेप तथा कर्जाको व्याजदर पनि समीक्षा अवधिमा बढेका छन । उदाहरणको लागि समीक्षा अवधिमा एक-महिने तीन-महिने, छ-महिने, एक-वर्षे तथा दुई वर्षे र दुई वर्ष भन्दा माथिको अधिकतम व्याजदर त्रमशः २ प्रतिशत, १.२५ प्रतिशत, १.७५ प्रतिशत, २ प्रतिशत र २ प्रतिशत विन्दुले बढी ७.२५ प्रतिशत, ७.२५ प्रतिशत, ८.७५ प्रतिशत, ११ प्रतिशत र ११.५ प्रतिशतमा पुगेको छ । तर, मुद्दती निक्षेपको न्यूनतम व्याजदर भने २०६४ असार महिना देखि १.५ प्रतिशतदेखि २.७५ प्रतिशतसम्म यथावत कायम रहेको छ । यस तथ्यबाट केही बैंकहरूले न्यून व्याजदरमा पनि निक्षेप परिचालन गरिरहेको भएपनि नयाँ वाणिज्य बैंकहरुको स्थापनाले निक्षेप कर्ताहरूलाई आफ्नो बचतमा बढी प्रतिफल पाउन योगदान गरेको छ । व्याजदरमा भएको वृद्धिले केही हदसम्म बचत प्रोत्साहित भई अनावश्यक उपभोगमा कटौती गर्न र अनौपचारिक प्रक्रियाबाट भारततर्फ हुन सक्ने पूँजी पलायनलाई निरुत्साहित गर्न सहयोग पुग्ने देखिन्छ ।

३६. निक्षेपको अतिरिक्त कर्जाको व्याजदर पनि समीक्षा अवधिमा बढेको छ । समीक्षा अवधिमा कृषि कर्जा, निर्यात विल्सको धितोमा उपलव्ध हुने कर्जा र अधिविकर्षको अधिकतम व्याजदर बढेको छ भने उद्योग र व्यवसायिक कर्जाको व्याजदर यथावत रहेको छ । कृषि कर्जा, निर्यात विल्सको धितोमा उपलव्ध हुने कर्जा र अधिविकर्ष कर्जाको व्याजदर क्रमशः १ प्रतिशत र ७/७ प्रतिशत विन्दुले बढेको छ । तर, उक्त कर्जाहरूको न्यूनतम व्याजदर भने २०६४ असार मसान्तमा कायम भए अनुसार नै रहेका छन । कर्जाको व्याजदर वृद्धिबाट आन्तरिक कर्जाको अवान्छनीय वृद्धिलाई नियन्त्रण गर्न र यसबाट मूल्य, व्यापार घाटा र विनिमय संचिति जस्ता क्षेत्रमा पर्न सक्ने जोखिमलाई केही हदसम्म सम्बोधन गर्न सहयोग मिल्ने अपेक्षा छ । साथै, हाल देखिएको तरलता समस्याका कारणले निक्षेपको व्याजदर बढे सँगै कर्जाको व्याजदर पनि बढेकोले तरलता व्यवस्थापनमा केही सहजता मिल्न जाने देखिन्छ ।

३७. निक्षेपको व्याजदरमा आएको वृद्धिले बचतकर्ताहरूलाई फाईदा भएको छ भने कर्जाको व्याजदरमा आएको वृद्धिले उत्पादनमुलक तथा सेवा क्षेत्रका उद्योगहरूको लागत केही हदसम्म बढ्ने सम्भावना रहन्छ । विगत लामो समयदेखि निक्षेपको यथार्थ व्याजदर ऋणात्मक रहेकोमा अघिल्लो आर्थिक वर्षमा कर्जाको यथार्थ व्याजदर पनि ऋणात्मक रहन गयो । न्यून व्याजदर र उच्च मुद्रास्फीतिको कारणले यथार्थ व्याजदर ऋणात्मक रहन गएको हो । ऋणात्मक व्याजदरको स्थितिले उपभोग तथा अनुत्पादक क्षेत्रतर्फ लगानी आकर्षित भएकोले वस्तु, सेवा तथा घरजग्गाको मूल्य र आयातमा वृद्धि भएको छ । कर्जाको वृद्धिदर केन्द्रीय बैंकले लक्षित गरे भन्दा उल्लेख्य माथि रहदै आएको स्थितिमा कर्जाको वृद्धिदरलाई नियन्त्रण गर्न, कर्जाको गुणस्तरमा सुधार ल्याउन तथा समष्टिगत आर्थिक सन्तुलन कायम गर्न पनि व्याजदरमा वृद्धि हुन आवश्यक छ । तसर्थ, औद्योगिक क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता कायम गर्न व्याजदरलाई न्यून राख्ने वित्तीय उपाय भन्दा पनि उत्पादकत्व वृद्धिका विकल्पहरूतर्फ पहल हुनु आवश्यक छ ।

३८. वाह्य क्षेत्रतर्फ आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनाको अवधिमा नेपालको शोधनान्तर रू १९ अर्ब ७९ करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा शोधनान्तर रू २८ अर्ब ५३ करोडले बचतमा रहेको थियो । वस्तु व्यापार घाटामा भएको

उल्लेख्य वृद्धि र ट्रान्सफर आयको वृद्धिदरमा आएको कमीले गर्दा चालू खाता रू २४ अर्ब ३९ करोडले घाटामा रहन गई समग्र शोधनान्तर स्थिति पनि घाटामा रहन गएको हो । समीक्षा अवधिमा वस्तुतर्फको निर्यातमा १२.१ प्रतिशतले गिरावट आएको छ भने आयात ४०.८ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा निर्यात २२.३ र आयात २५.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद सेवातर्फको घाटा अघिल्लो वर्षको तुलनामा सीमान्त कमी रहेको छ । सेवा अन्तर्गत पर्यटन आयमा केही सुधार भएको र यातायात खर्चमा उल्लेख्य कमी आएकोले बैदेशिक भ्रमण तथा शिक्षा तर्फको खर्चमा वृद्धि भएपनि खुद सेवा घाटामा भने केही कमी आएको हो ।

३९. तेस्रो मुलुकतर्फ निर्यात हुने पस्मिना, दलहन, तयारी पोशाक, चाँदीका सामान तथा गरगहाना र ऊनी गलैंचाको निकासीमा गिरावाट आएकोले उक्त क्षेत्रतर्फको निर्यात समीक्षा अवधिमा २३ प्रतिशतले घटेको छ । साथै, भारत सरकारले तयारी पोशाकको आयातमा थप चार प्रतिशतको अतिरिक्त भन्सार दर लगाएकाले उक्त वस्तुको भारततर्फको निर्यात उल्लेख्य (८३.३ प्रतिशत) घटेको छ । यस बाहेक जि.आइ.पाइप, सावुन, तार जस्ता वस्तुहरूको भारततर्फको निर्यात पनि घटेको छ । आयाततर्फ भने समीक्षा अवधिमा सुन तथा गाडी र गाडीको पार्टपुर्जाको आयात अत्यधिक रहेकोले कूल आयातको आयतन उच्च रहन गएको हो । आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनाको अवधिमा कूल रू ३३ अर्ब ६० करोडको सुन र रू १४ अर्ब ३९ करोडको गाडी तथा गाडीको पार्टपुर्जा आयात भएको छ । अघिल्लो वर्षको यसै अवधमिा रू ८ अर्ब ७७ करोडको सुन र रू ९ अर्ब ५४ करोडको गाडी तथा गाडीको पार्टपुर्जा आयात भएको थियो । त्यसैगरी समीक्षा अवधिमा रासायनिक मल, सिमेन्ट, विद्युतीय उपकरण, एमएस विलेट, टेक्सटाईल्सको आयात पनि अघिल्लो वर्ष भन्दा उच्च रहेको छ । समीक्षा अवधिमा आन्तरिक उत्पादन स्थिति कमजोर रहेको, व्यापार साझेदार मुलुकहरुको तुलनामा नेपालमा उच्च मुद्रास्फीति रहेको र सुन आयात अप्रत्यासित रुपमा वृद्धि भएको कारण व्यापार घाटामा विस्तार हुन गएको हो ।

४०. व्यापार घाटाको आयतनमा हुने वृद्धिले संधै प्रतिकूल स्थितिको चित्रण गर्दैन । उदाहरणको लागि भौतिक तथा सामाजिक पूर्वाधारको लागि आवश्यक पर्ने पूँजीगत वस्तु तथा कच्चा पदार्थको आयातबाट व्यापार घाटामा विस्तार भएको छ भने यसले भविष्यमा व्यापार सन्तुलन कायम गर्न सहयोग पुर्‍याउने हुँदा देशको विनिमय संचिति सन्तोषजनक रहेको अवस्थासम्म यस प्रकृतिको व्यापार घाटा खासै चिन्ताको विषय बन्दैन । तर, उपभोग्य र अनुत्पादनशिल वस्तुहरूको आयातबाट व्यापार घाटामा विस्तार हुँदै गएको छ भने त्यस्ता वस्तुहरूको आयातलाई नियन्त्रण गर्न खर्च परिवर्तन (expenditure switching), खर्च नियन्त्रण (expenditure dampening), विदेशी विनिमय नियन्त्रण (foreign exchange control) लगायतका नीतिगत उपायहरूको अवलम्बन गर्न आवश्यक हुन्छ । समीक्षा अवधिमा सुनको आयातमा भएको अप्रत्यासित वृद्धि शोधनान्तर स्थितिलाई असन्तुलित बनाउने प्रमुख कारक रहेकोले यस्तो अस्वभाविक आयातले विदेशी विनिमय संचितिमा पर्न गएको नकारात्मक असरलाई दृष्टिगत गरी उक्त आयात नियन्त्रण गर्न आवश्यक नीतिगत व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट सुनको आयातमा नियन्त्रण हुन गई व्यापार तथा शोधनान्तर घाटामा सुधार हुने विश्वास लिईएको छ ।

४१. उच्च व्यापार घाटाको स्थितिमा पनि चालू खाता बचतमा राख्न तथा नेपालको वाह्य क्षेत्र स्थायित्व कायम गर्न निजीक्षेत्रको रेमिटान्स आप्रवाहले प्रमुख भूमिका निर्वाह गरिरहेको छ ।

आर्थिक वर्ष २०६५/६६ मा नेपालको कूल गार्हस्थ उत्पादनको करिव २१ प्रतिशत बराबरको निजीक्षेत्रबाट रेमिटान्स आप्रवाह भएको थियो । निजीक्षेत्रबाट रेमिटान्सको उत्साहजनक आप्रवाहको कारण आर्थिक वर्ष २०६५/६६ मा नेपालको शोधनान्तर बचत रू ४१ अर्ब २८ करोड रहेको थियो । उक्त वर्ष नेपाली मुद्रा अमेरिकी डलरसंग १५.८ प्रतिशतले अवमूल्यन भएकोले व्यापार घाटाको विस्तारलाई कम गर्न र रेमिटान्स आप्रवाहमा वृद्धि गर्न सहयोग पुगेको थियो । तर, आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनाको अवधिमा रेमिटान्स आप्रवाहको वृद्धिदर १२.६ प्रतिशतमात्र रही रू १०६ अर्ब १९ करोड बराबरको विदेशी मुद्रा रेमिटान्स वापत भित्रिएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो आय ६५.३ प्रतिशतले वृद्धि भई रू ९४ अर्ब ३० करोड रहेको थियो । रेमिटान्स आप्रवाहको आधार प्रभाव, अघिल्लो वर्ष वैदेशिक रोजगारीमा जानेहरूको संख्यामा कमी र नेपाली मुद्रा अमेरिकी डलरसंग अधिमूल्यन भएको कारणले पनि रेमिटान्स आयको वृद्धिदरमा कमी आएको हो । विदेशमा काम गर्ने नेपालीहरूको संख्या (Stock of the manpower) मा उल्लेख्य वृद्धि नभएसम्म वा कामदारहरूको मासिक पारिश्रमिकमा वृद्धि नभएसम्म रेमिटान्स आयमा निरन्तर उच्च वृद्धिदरको अपेक्षा गर्न भने सकिदैन ।

४२. निजीक्षेत्रको रेमिटान्स आप्रवाहले उत्पादनशिल लगानीको लागि थप साधन उपलब्ध हुनुको साथै आन्तरिक माग सिर्जना गरी स्वदेशी उद्योगहरूको स्थापनालाई पनि प्रोत्साहन मिल्नु पर्नेमा अनुकूल लगानी वातावरणको अभावमा बढदो आन्तरिक मागलाई सम्बोधन गर्न आयात व्यापारले प्रश्रय पाएको हुँदा व्यापार घाटामा विस्तार आइरहेको छ । साथै, रेमिटान्सबाट प्राप्त आयलाई आय आर्जनको क्षेत्रमा लगानी गर्ने वातावरण र अवसर नभएकोले उक्त आयको ठूलो हिस्सा उपभोग र अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ । आर्थिक वर्ष २०६६/६७ को बजेटमा रेमिटान्सलाई उत्पादनशिल क्षेत्रमा आकर्षित गर्न रू ७ अर्बको वैदेशिक रोजगार वोण्ड जारी गर्ने उल्लेख छ । रेमिटान्स आयलाई जलविद्युतको क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्न आयोजना निर्माणको चरणसम्म विद्युत वोण्डको रुपमा र आयोजना सम्पन्न भए पश्चात उक्त वोण्डलाई शेयर लगानीमा परिणत गर्न सकिने विशेषता भएमा जलविद्युतको क्षेत्रमा आवश्यक पर्ने ठूलो पूँजी जुटाउन सकिने सम्भावना छ ।

४३. पर्यटन व्यवसाय नेपालको तुलनात्मक लाभ रहेको विदेशी मुद्रा आर्जनको दीगो श्रोतको रुपमा लिइन्छ । उक्त क्षेत्रको अन्य आर्थिक क्षेत्रसंग मजवुत अग्र (forward) र पृष्ठ (backward) सम्बन्ध रहेकोले यस क्षेत्रले विदेशी मुद्रा आर्जनको अतिरिक्त आय, उत्पादन तथा रोजगारी र घरेलु उद्योगको प्रवर्द्धन गर्न महत्वपुर्ण योगदान गर्ने अवस्था छ । तथापी, यस क्षेत्रमा पनि उत्साहप्रद उपलब्धि भने हासिल हुन सेकेको छैन । कमजोर आन्तरिक सुरक्षा अवस्था यस क्षेत्रमा प्रमुख चुनौतीको रुपमा रहेको छ । चालू आर्थिक वर्षको पहिलो छ महिनाको अवधिमा हवाई मार्गबाट नेपाल भित्रिने पर्यटकहरूको संख्यामा केही वृद्धि भएको र सोही अनुरुप पर्यटन आय बढेको छ भने नेपालीहरूको पनि विदेश भ्रमणतर्फ जाने प्रवृत्ति बढ्दै गएको तथा वैदेशिक शिक्षामा पनि खर्च बढ्दै गएकाले सेवा खर्चमा पनि विस्तार हुँदै गएको छ ।

४४. नेपालको वाह्य क्षेत्र स्थायित्व कायम गर्न ट्रान्सफर आयले प्रमुख योगदान गरिरहेको भएतापनि यस्तो आयबाट दिर्घकालसम्म अर्थतन्त्रको स्थायित्व कायम गर्न सकिन्छ भन्ने कुरामा प्रशस्त सन्देहहरू रहेका छन् । वाह्य क्षेत्र स्थायित्वको लागि रेमिटान्स आप्रवाहमा भर पर्दै जाने र निर्यात, पर्यटन तथा वैदेशिक निजी लगानीतर्फ ठोस पहल नहुने हो भने वाह्य क्षेत्र स्थायित्वमा जोखिम बढदै जाने सम्भावना रहन्छ । यसै तथ्यलाई दृष्टिगत गरी

यस बैंकले निर्यात उधोगहरूको लागि पुनरकर्जा सुविधा कार्यक्रमको व्यवस्था गरेको हो । तर, हालसम्म सम्बन्धीत पक्षले यस सुविधाको उपयोग भने गरेका छैनन ।

४५. आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनामा रू ९६ करोड ६४ लाखको प्रत्यक्ष विदेशिक लगानी नेपाल भित्रिएको छ । नेपालले खुला आर्थिक नीतिको अवलम्बन गरे संगै विदेशी लगानी भित्र्याउन औद्योगिक नीति तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ लाई कार्यान्वयनमा ल्याएको भएपनि अपेक्षाकृत विदेशी लगानी नेपाल भित्रिन सकेको छैन । आर्थिक उदारीकराणको प्रारम्भिक वर्षहरूमा सेवा तथा उत्पादमूलक क्षेत्रहरूमा उत्साहप्रद विदेशी लगानी तथा प्रविधि भित्रिएको पनि हो । तर, मुलुकमा राजनैतीक अस्थिरता सुरूवात भए संगै लगानी वातावरण खस्कदै गएकोले प्रत्यक्ष वैदेशीक लगानीको क्षेत्रमा खासै प्रगति भएको छैन । पूर्वाधार, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटन तथा जलविद्युत जस्ता ठूला लगानीका क्षेत्रहरूमा आवश्यक पूँजी जुटाउन विदेशी लगानीको आवश्यकता छ । यसै तथ्यलाई दृष्टिगत गरेर गैर-आवासीय नेपालीहरूको मागलाई नेपाल सरकारले आवश्यक सम्बोधन गरिसकेको छ । साथै, नेपाली बैंक तथा वित्तीय संस्थाहरूबाट उक्त क्षेत्रहरूको लागि आवश्यक पर्ने पूँजी पर्याप्त मात्रामा जुट्न सक्ने स्थिति नभएकोले विदेशी बैंकहरुलाई तोकिएको शर्तहरू अन्तर्गत रही नेपालमा शाखा खोल्न पाउने नीतिगत व्यवस्था गरिएको छ । तसर्थ, राजनैतिक संक्रमणकालको अन्त्य भई शान्ति सुरक्षा तथा लगानी वातावरणमा सुधार आउन सके विदेशी लगानी बढ्न गई शोधनान्तर स्थिति तथा विदेशी विनिमय संचिति सुदृढ गर्न बल मिल्ने देखिन्छ ।

४६. २०६६ पुस मसान्तमा कूल विदेशी विनिमय संचिति २०६६ असार मसान्तको तुलनामा १४.० प्रतिशतले घटी रु. २४० अर्व ८४ करोड रहेको छ । २०६५ पुस मसान्तमा यस्तो संचिति १९.७ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने २०६६ असारदेखि पुस मसान्तसम्ममा कूल संचिति ७.५ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्व ३२ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संचिति ५.५ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनासम्मको आयात प्रवृत्तिलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले ७.८ महिनाको वस्तु आयात र ६.७ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्दछ ।

४७. नेपालको भारतसंगको व्यापार घाटामा वृद्धि हुँदै गईरहेको र सोही अनुरुप भारतीय विनिमय संचितिमा पनि चाप पर्दै गएको छ । भारतीय विनिमय संचितिलाई व्यवस्थापन गर्ने दीर्घकालीन उपाय भारततर्फ निर्यात व्यापार वृद्धि गर्न आन्तरिक प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु नै भएपनि अल्पकालीन माध्यमको रुपमा हाल दुई उपायहरूको अवलम्बन गरिदै आएको छ । पहिलो उपायको रूपमा भारतबाट डलर भुक्तान गरी आयात गरिने वस्तुहरूको सूचीलाई आन्तरिक मूल्यलाई सहयोग पुऱ्याउने र औद्योगिक उत्पादनको लागि आवश्यक हुने कच्चा पदार्थको सापेक्षिक महत्वको आधारमा थप गरिदै लगिने नीति लिईएको छ । समीक्षा अवधिमा भारतबाट अमेरिकी डलर भुक्तान गरी आयात गरिने वस्तुहरूको सूचीमा थप २ वस्तुहरू समावेश गरी १३७ पुऱ्याइएको छ । आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनामा भारतबाट डलर भुक्तान गरी रू ३४ अर्ब १३ करोड बराबरको आयात भएको छ । अघिल्लो वर्षको यसै अवधिमा रू १३ अर्ब ६७ करोड बराबरको यस्तो आयात भएको थियो । साथै, दोस्रो उपायको रुपमा अमेरिकी डलर भारतीय बजारमा बिक्री गरी भारू खरिद गर्ने रहेको छ । आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनामा अमेरिकी डलर १ अर्ब

५ करोड बिक्री गरी भा. रू. ४९ अर्ब ८२ करोड खरिद भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा अमेरिकी डलर ७२ करोड बिक्री गरी भा.रू. ३३ अर्ब ८६ करोड खरिद भएको थियो । समीक्षा अवधिमा भारतसँगको व्यापार घाटामा विस्तार आएकोले भारु खरिद बढेको हो ।

४८. २०६६ असार मसान्तको तुलनामा २०६६ पुस मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ७.५ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ११.९० प्रतिशतले अवमूल्यन भएको थियो । २०६६ पुस मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७२.६० पुगेको छ । २०६६ असार मसान्तमा उक्त विनिमय दर रु. ७८.०५ रहेको थियो । मुद्रा अधिमूल्यनले केही हदसम्म मूल्यलाई नियन्त्रण गर्न सघाउ पुगेको भएपनि निर्यात व्यापारको प्रतिस्पर्धात्मक क्षमतामा भने नकारात्मक असर परेको छ । तर, नेपालको अधिकांश निर्यातित वस्तुहरूको कच्चापदार्थ आयातित हुने भएकोले मुद्रा अधिमूल्यनको स्तरमा नै निर्यातको प्रतिस्पर्धी क्षमतामा भने असर परेको छैन ।

## मौद्रिक तथा समग्र तरलता स्थिति

४९. विगत दुई वर्षमा उच्च शोधनान्तर बचतका कारण मौद्रिक विस्तार उच्च रह्यो । आर्थिक वर्ष २०६४/६५ मा विस्तृत मुद्राप्रदाय २५ प्रतिशतले र आर्थिक वर्ष २०६५/६६ मा २७.७ प्रतिशतले बढ्न गयो । आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा रहेको अवस्थामा उक्त स्तरको मौद्रिक विस्तारले अर्थतन्त्रमा अधिक तरलता (liquidity Overhang) को स्थिति सिर्जना भएकोले यस वर्षका लागि मौद्रिक नीतिलाई केही कसिलो राखिएको थियो ।

५०. चालू आर्थिक वर्षको पहिलो छ महिनामा भने मौद्रिक विस्तार लक्ष्य अनुरुप नै रहेको छ । अघिल्लो आर्थिक वर्षको पहिलो छ महिनामा विस्तृत मुद्राप्रदाय ११.० प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षको पहिलो छ महिनासम्ममा उक्त मुद्राप्रदाय ६.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको पहिलो छ महिनासम्मको तुलनामा समीक्षा अवधिमा आन्तरिक सम्पत्ति उच्च दरले बढेको भए पनि खुद वैदेशिक सम्पत्ति घटेकोले मौद्रिक योगाङ्कहरू कम दरले बढेका हुन् । खुद वैदेशिक सम्पत्ति घटेर आन्तरिक सम्पत्तिको आधारमा भएको मौद्रिक विस्तारले वाह्य क्षेत्र स्थायित्वमा पार्न सक्ने प्रतिकूल असरतर्फ भने यस बैंक सजग रहेको छ ।

५१. विस्तृत मुद्रा प्रदायलाई अर्थतन्त्रको समग्र तरलता मापन गर्ने सूचकको रुपमा लिइने गरिन्छ । समीक्षा अवधिमा खुद बैदेशिक सम्पत्तिमा कमी तथा साधन परिचालनको तुलनामा पूँजीगत खर्चमा विस्तार हुन नसकेकोले नेपाल सरकारमाथिको खुद दावी रू. १३ अर्ब ४ करोड (१२.४ प्रतिशत) ले घटेको हुँदा समग्र मौद्रिक तरलतामा कमी आएको हो । समीक्षा अवधिमा नेपाल सरकारले उपयोग गरेको रू ८ अर्ब ८४ करोडको अधिविकर्ष समायोजन पछि पनि नेपाल राष्ट्र बैंकमा रू. ३ अर्ब ४२ करोडको नगद बचत कायम रहेको छ । यसर्थ, नेपाल सरकारको पूँजीगत खर्चमा विस्तार हुन थाले पछि मौद्रिक तरलता बढने देखिन्छ ।

५२. विस्तृत मुद्राप्रदायका अंशमध्ये संकुचित मुद्राप्रदाय अघिल्लो वर्षको पहिलो छ महिनासम्ममा ९.२ प्रतिशतले बढेकोमा चालू वर्षको समीक्षा अवधिमा ५.१ प्रतिशतले बढेको छ । संकुचित मुद्राप्रदाय अन्तर्गत चलनचल्तीमा रहेको मुद्रा समीक्षा अवधिमा ९.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा १२.७ प्रतिशतले बढेको थियो । माग निक्षेप भने अघिल्लो वर्ष २.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २.२ प्रतिशतले घटेको छ । विस्तृत

मुद्राप्रदायको अर्को अंश आवधिक निक्षेप अघिल्लो वर्ष ११.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७.० प्रतिशतले बढेको छ ।

५३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू. १९ अर्ब ७९ करोड (९.० प्रतिशत ) ले घटेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सम्पत्ति रू. २८ अर्ब ५३ करोड (१६.६ प्रतिशत) ले बढेको थियो । अघिल्लो वर्षको पहिलो छ महिनाको तुलनामा समीक्षा अवधिमा व्यापार घाटामा उच्च विस्तार भएकोले खुद वैदेशिक सम्पत्ति घटेको हो ।

५४. मौद्रिक विस्तारमा प्रभाव पार्ने दुई कारक संचित मुद्रा र मुद्रा गुणकमध्ये मौद्रिक विस्तारमा पछिल्लो कारकको भूमिका उल्लेख्य रहेको छ । समीक्षा अवधिमा संचित मुद्राको वृद्धिदर ०.३ प्रतिशत (रू ५ करोड २७ लाख) रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्राको वृद्धिदर ६.३ प्रतिशत (रू ९ अर्ब १८ करोड) रहेको थियो । नेपाल राष्ट्र बैंकको खुद बैदेशिक सम्पत्ति उल्लेख्य ऋणात्मक रहेपनि खुला बजार कारोबारबाट रू १६ अर्ब ८१ करोड तरलता प्रवाह भएकोले संचित मुद्रमा सीमान्त वृद्धि आएको हो । तर, विस्तृत मुद्रा गुणक ६.१ प्रतिशतले वृद्धि भई २०६६ असार मसान्तको ३.२४ बाट २०६६ पुस मसान्तमा ३.४३ पुगेकोले मौद्रिक तरलता बढेको हो । वाणिज्य बैंकहरूले कर्जामा अधिक विस्तार ल्याई Fully Loaned up को स्थितिमा रहेकोले अधिक तरलताको अनुपातमा कमी आई मुद्रा गुणकमा वृद्धि हुन गएबाट मुद्राप्रदायमा विस्तार भएको हो ।

५५. आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनासम्ममा कूल आन्तरिक कर्जा ९.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त कर्जा ५.७ प्रतिशतले बढेको थियो । अघिल्लो वर्षको यसै अवधिमा निजी क्षेत्रतर्फ मौद्रिक क्षेत्रको दावी ११.४ प्रतिशत अर्थात् रू ३८ अर्ब ८४ करोडले बढेको तुलनामा समीक्षा अवधिमा उक्त क्षेत्रतर्फको दावी १५.५ प्रतिशत अर्थात् रू. ६७ अर्ब ४९ करोडले बढेकोले कूल आन्तरिक कर्जामा विस्तार आएको छ । बैंकहरूको निजी क्षेत्रतर्फको कर्जामा उल्लेख्य वृद्धि भएकाले कूल आन्तरिक कर्जामा विस्तार हुन गएको हो ।

५६. समीक्षा अवधिमा गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी २.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको दावी ७५.६ प्रतिशतले बढेको थियो । वाणिज्य बैंकहरूको पेन्सन फण्ड तथा विमा कम्पनीतर्फको लगानीमा कमी आएकोले गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी घटेको हो ।

५७. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरुमाथिको दावी ११.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रमाथिको दावी ६.२ प्रतिशतले बढेको थियो । उक्त संस्थाहरूमध्ये नेपाल खाद्य संस्थान र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त क्षेत्रमाथिको दावी बढेको हो ।

**वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति**

५८. आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनामा वाणिज्य बैंकहरूको कूल निक्षेप परिचालन रू. २५ अर्ब ९३ करोड (४.७ प्रतिशत) ले बढी पुस मसान्तमा रू. ५७५ अर्ब ७६ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूको कूल निक्षेप परिचालन रू. ५४ अर्ब ६० करोड (१३.० प्रतिशत) ले बढेको थियो । नेपाल सरकारको नगद बचत र शोधनान्तर घाटाले गर्दा निक्षेप परिचालनमा कमी आउन गएको हो ।

५९. निक्षेप परिचालनको अतिरिक्त साधनको स्रोतको रुपमा वाणिज्य बैंकहरूको पूँजी परिचालन पनि समीक्षा अवधिमा बढेको छ । अघिल्लो आर्थिक वर्षको पहिलो छ महिनामा वाणिज्य बैंकहरूले चूक्ता पूँजीको वृद्धिमार्फत रू २ अर्ब ४४ करोड साधन परिचालन गरेकोमा चालू वर्षको समीक्षा अवधिमा रू ३ अर्ब ४४ करोड थप चूक्ता पूँजी परिचालन गरेका छन । साधन परिचालनमा पूँजीको हिस्सा वढदै जानु वित्तीय स्थायित्वको लागि सकारात्मक पक्ष हो ।

६०. कर्जा विस्तारको तुलनामा निक्षेप परिचालन र चूक्ता पूँजीको वृद्धि न्यून रहेकोले वाणिज्य बैंकहरूले नेपाल राष्ट्र बैंकबाट समीक्षा अवधिमा रू १६ अर्ब ८१ करोड सापटी लिएका छन । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो सापटी रू ३ अर्ब १५ करोड रहेको थियो ।

६१. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा १६.६ प्रतिशत (रु. ६६ अर्ब ९८ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १२.५ प्रतिशत ( रू. ३८ अर्ब ३७ करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जामध्ये उत्पादनमूलक क्षेत्रतर्फको कर्जाको वृद्धिदर ९.६ प्रतिशत (रू. ८ अर्ब ४३ करोड) रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा ७.६ प्रतिशत (रू. ५ अर्ब ७१ करोड) ले बढेको थियो । कृषि क्षेत्रतर्फको कर्जा रू. १ अर्ब ४१ करोडले बढेको छ । त्यसैगरी, थोक तथा खुद्रा व्यापार, वित्त, विमा तथा स्थिर सम्पत्ति र सेवा क्षेत्रतर्फको कर्जा क्रमशः २४.५ प्रतिशत (रू. १६ अर्ब ८३ करोड), ३८.४ प्रतिशत (रू. १४ अर्ब ९२ करोड) र १६.३ प्रतिशत (रू. ३ अर्ब ८१ करोड) ले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा ६.९ प्रतिशत (रू. ३ अर्ब ८५ करोड), २२.६ प्रतिशत (रू. ५ अर्ब ६२ करोड) र ८.३ प्रतिशत (रू. १ अर्ब ७५ करोड) ले बढेको थियो । रियल स्टेटतर्फको कर्जा वृद्धिदरमा सीमान्त कमी आएको भएपनि कर्जाको परिमाण भने उच्च रहेको छ । अघिल्लो वर्षको पहिलो छ महिनामा उक्त क्षेत्रतर्फको कर्जा रू. ६ अर्ब ४६ करोडले विस्तार भएकोमा समीक्षा अवधिमा रू. १४ अर्ब १८ करोडले वढेको छ ।

**वाणिज्य बैंकहरूको तरलताको स्थिति**

६२. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको तरल सम्पत्ति उच्च दरले घटेको छ । अघिल्लो वर्षको पहिलो छ महिनामा उक्त सम्पत्ति ८.८ प्रतिशतले बढी पुस मसान्तमा रू. १६४ अर्ब ३८ करोड रहेकोमा समीक्षा अवधिमा १२.३ प्रतिशतले कमी आई असार मसान्तको रू. १८८ अर्ब ६ करोडबाट पुस मसान्तमा रू. १६४ अर्ब ९० करोडमा झरेको छ । तरल सम्पत्तिका अंशहरूमध्ये तरल कोष समीक्षा अवधिमा १३.१ प्रतिशतले घटेको छ । बैंकहरूको विदेशी बैंक मौज्दात रू. ५ अर्ब ११ करोडले घटी रू. ४८ अर्ब ३० करोड हुन आएको छ भने नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रू. ११ अर्ब ६२ करोडले घटेको छ । त्यसैगरी सरकारी ऋणपत्रमा लगानी ११ प्रतिशत (रू. ७ अर्ब ९० करोड) ले घटेको छ । साधन परिचालनको तुलनामा समीक्षा अवधिमा कर्जा लगानीको वृद्धि निकै उच्च रहेकोले उक्त अन्तर पुरा गर्ने उपायको रुपमा तरल कोषलाई उपयोग गर्दा तरल सम्पत्तिमा कमी हुन गएको हो ।

६३. वाणिज्य बैंकहरूको तरलताको स्थितिलाई उनीहरूसंग रहेको तरल सम्पत्तिले ईङ्गित गर्ने र समीक्षा अवधिमा तरल सम्पत्तिमा कमी आएको तथ्य माथि उल्लेख भैसकेको छ । वाणिज्य बैंकहरूको वासलात संकुचनका कारणले भन्दा पनि पोर्टफोलियो संरचनामा परिवर्तन भएकाले तरल सम्पत्ति घटेको हो । समीक्षा अवधिमा वासलात ८.३ प्रतिशतले बढे पनि कर्जामा उल्लेख्य विस्तार भएकाले तरल सम्पत्ति घट्न गएको देखिन्छ । समीक्षा अवधिमा कर्जा-निक्षेप अनुपात २०६६ असार मसान्तको ८१.२ प्रतिशतबाट बढेर पुस मसान्तमा ८९.३

प्रतिशत पुगेको छ भने तरलता-निक्षेप अनुपात ३४.२ प्रतिशतबाट घटेर २८.६ प्रतिशत कायम भएको छ । यसबाट वाणिज्य बैंकहरूले आक्रमक कर्जा नीति अवलम्बन गरी तरलता व्यवस्थापनलाई कम महत्व दिएको देखिन्छ । यस्तो प्रवृत्तिले वाणिज्य बैंकहरूले तरलतामा दवाव महसुस गर्नुको अतिरिक्त वित्तीय क्षेत्र स्थायित्वमा समेत जोखिम बढ्दै जाने हुन्छ । तसर्थ, तरलताको चापलाई सम्बोधन गर्न बैंक तथ वित्तीय संस्थाहरूले आफ्नो साधनको स्रोत अनुसार लगानी पोर्टफोलियोमा समायोजन गर्नेतर्फ यथाशिघ्र पहल गर्नु आवश्यक छ ।

**तरलता व्यवस्थापन**

६४. आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनासम्ममा खुला बजार कारोवारबाट रू. ३४ अर्ब ९२ करोडको खुद तरलता प्रवाह भएको छ । यसमध्ये बिक्री बोलकबोलमार्फत् रू. ७ अर्ब ४४ करोड र रिभर्स रिपो बोलकबोलमार्फत् रू. १ अर्ब गरी कूल रू. ८ अर्ब ४४ करोड तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत् रू. ३९ अर्ब ९८ करोड र खरीद बोलकबोलबाट रु. ३ अर्ब ३८ करोड गरी कूल रु. ४३ अर्ब ३६ करोडको तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको यसै अवधिमा खुला बजार कारोवार अन्तर्गत बिक्री बोलकबोलबाट रू. ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू. १३ अर्ब २६ करोड गरी कूल रू. २० अर्ब ७२ करोडको तरलता प्रशोचन भएको थियो ।

६५. आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ४९ करोड ४८ लाख खुद खरिद गरी रू. ३७ अर्ब ५७ करोड बराबरको तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ९६ करोड ३६ लाख खुद खरिद भई रू. ७३ अर्ब १९ करोड बराबरको तरलता प्रवाह भएको थियो ।

६६. तरलता व्यवस्थापनमा वाणिज्य बैंकहरूले अन्तर बैंक कारोवारलाई पहिलो उपायको रुपमा प्रयोग गर्ने गरेको र यस उपायबाट समीक्षा अवधिमा उपयोग भएको कारोवारको परिमाण माथि उल्लेख भैसकेको छ । अन्तर बैंक कारोवारको अतिरिक्त वाणिज्य बैंकहरूको आफ्नै पहलमा सरकारी ऋणपत्रको धितोमा स्वतः उपलव्ध हुने स्थायी तरलता सुविधाको उपयोग पनि समीक्षा अवधिमा बढेको छ । वाणिज्य बैंकका अतिरिक्त मौद्रिक नीतिका समकक्षी विकास बैंक र वित्त कम्पनीहरूले समेत गरी रू. ६५ अर्ब २५ करोडको स्थायी तरलता सुविधा उपयोग गरेका छन । अघिल्लो वर्षको यसै अवधिमा उक्त सुविधा अन्तर्गत वाणिज्य बैंकहरूले कूल रू. ४१ अर्ब ५४ करोड उपयोग गरेका थिए । समीक्षा अवधिमा ४ विकास बैंक र १ वित्त कम्पनीले उपयोग गरेको स्थायी तरलता सुविधा रू १४ करोड ८४ लाख रहेको छ ।

६७. समीक्षा अवधिमा उच्च शोधनान्तर घाटा, नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रहेको नगद बचत र निक्षेपको तुलनामा कर्जाको उच्च विस्तारले तरलतामा कमी ल्याएको हुँदा खुला बजार कारोवारबाट उच्च तरलता प्रवाह हुनुको साथै स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवारको मात्रा पनि बढेको हो ।

## समष्टिगत आर्थिक परिसूचकहरूको पछिल्लो स्थिति

६८. मूल्य स्थितितर्फ आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनामा वार्षिक विन्दुगत उपभोक्ता मूल्य वृद्धि १२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त

मूल्य वृद्धि १३.७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि १७.८ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ५.३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा दलहन, तरकारी तथा फलफूल, मरमसला, मासु, माछा र फुल तथा चीनि र चीनिजन्य पदार्थको मूल्य वृद्धि उच्च रहेकोले खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धिदर उच्च रहन गएको हो ।

६९. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी खर्च ३२.४ प्रतिशत अर्थात रू १२१ अर्ब ४३ करोडले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त खर्च १४.२ प्रतिशतले बढेको थियो । कूल खर्च मध्ये चालू खर्च ३१.४ प्रतिशत र पूँजीगत खर्च २९.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा चालू खर्च १४.२ प्रतिशत र पूँजीगत खर्च २०.१ प्रतिशतले बढेको थियो ।

७०. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनासम्ममा नेपाल सरकारको कूल साधन परिचालन २२.६ प्रतिशतले वृद्धि भई रू १२६ अर्ब ३७ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा साधन परिचालन ४०.५ प्रतिशतले वृद्धि भई रू १०३ अर्ब ५ करोड पुगेको थियो । चालू आर्थिक वर्षको आठ महिनासम्ममा राजस्व परिचालन २५.६ प्रतिशतले वृद्धि भई कूल रू १०५ अर्ब ५८ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा राजस्व परिचालन ३८.६ प्रतिशतले वृद्धि भई रू ८४ अर्ब ३ करोड पुगेको छ ।

७१. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनासम्ममा नेपाल सरकारको नगद प्रवाहमा आधारित बजेट रू ४ अर्ब ९४ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त बजेट रू ११ अर्ब ३० करोडले बचतमा रहेको थियो । अघिल्लो आर्थिक वर्षको पहिलो आठ महिनासम्ममा नेपाल सरकारले रू ८ अर्ब ७० करोड आन्तरिक ऋण परिचालन गरेकोमा चालू आर्थिक वर्षको पहिलो आठ महिनासम्ममा रू २ अर्ब ३६ करोडको आन्तरिक ऋण परिचालन भएको छ ।

७२. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा विस्तृत मुद्राप्रदाय ६.१ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त मुद्राप्रदाय ११.६ प्रतिशतले बढेको थियो । खुद आन्तरिक सम्पत्तिको वृद्धि उच्च रहेतापनि खुद बैदेशिक सम्पत्ति उल्लेख्य घटेको कारण मौद्रिक विस्तारमा कमी आएको हो ।

७३. विस्तृत मुद्राप्रदायका अंशमध्ये संकुचित मुद्रा ६.५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त मुद्रा १०.८ प्रतिशतले बढेको थियो । चालू आर्थिक वर्षको पहिलो सात महिनासम्ममा चलनचल्तिमा रहेको मुद्रा १०.९ प्रतिशतले बढेको छ भने माग निक्षेप १.५ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा चलनचल्तिमा रहेको मुद्रा १८.४ प्रतिशतले बढेको थियो भने माग निक्षेप ३.४ प्रतिशले घटेको थियो । त्यसैगरी आवधिक निक्षेप चालू आर्थिक वर्षको पहिलो सात महिनासम्ममा ५.९ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त निक्षेप १२ प्रतिशतले बढेको थियो ।

७४. चालू आर्थिक वर्षको पहिलो सात महिनासम्ममा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याँकन नाफा/नोक्सानसमायोजित) रू २१ अर्ब ८३ करोडले घटेको छ । आघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त सम्पत्ति रू २५ अर्ब ६८ करोडले बढेको थियो । व्यापार घाटामा उच्च विस्तार आएका कारण खुद वैदेशिक सम्पत्ति उल्लेख्य घट्न गएको हो ।

७५. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा निजी क्षेत्रतर्फको कर्जा १७.३ प्रतिशत अर्थात रू ७५ अर्ब ५९ करोडले बढेको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त कर्जा १२.९ प्रतिशत अर्थात रू ४४ अर्बले बढेको थियो । चालू आर्थिक वर्षको पहिलो सात महिनाको अवधिमा कूल निक्षेप परिचालन ३.९ प्रतिशत (रू २१ अर्ब ५७ करोड) ले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त निक्षेप १२.२ प्रतिशत (रू ५१ अर्ब ३१ करोड) ले बढेको थियो ।

७६. न्यून निक्षेप परिचालन र उच्च कर्जा विस्तारका कारण वाणिज्य बैंकहरूको तरल सम्पत्ति चालू आर्थिक वर्षको पहिलो सात महिनामा रू १९ अर्ब ५७ करोडले घटी रू १६८ अर्ब ४९ करोड रहेको छ । आघिल्लो आर्थिक वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूको तरल सम्पत्ति रू ५ अर्ब १६ करोडले बढेको थियो । तरल सम्पत्तिको अंशमध्ये तरल कोष यस अवधिमा रू १३ अर्ब ५० करोड र नेपाल सरकारमाथिको दावी रू ६ अर्ब ६ करोडले घटेको छ । निक्षेप वृद्धिको तुलनामा कर्जा विस्तार उच्च रहेको कारण २०६६ माघ मसान्तसम्ममा कर्जा-निक्षेप अनुपात ९१ प्रतिशत पुगेको छ भने तरलता-निक्षेप अनुपात २९.५ प्रतिशत रहेको छ ।

७७. चालू आर्थिक वर्षको पहिलो आठ महिनासम्ममा खुला बजारबाट रू ६९ अर्ब १३ करोडको खुद तरलता प्रवाह गरिएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा रू ११ अर्ब ७२ करोडको खुद तरलता प्रशोचन गरिएको थियो ।

७८. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ मसान्तसम्ममा विदेशी विनिमय बजारमा भएको हस्तक्षेपमार्फत् ७ करोड ३३ लाख अमेरिकी डलर खरिद गरी रू ५५ अर्ब १७ करोड बराबरको खुद तरलता प्रवाह भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त हस्तक्षेपमार्फत् अमेरिकी डलर १ अर्ब २७ करोड खरिद गरी रू ९७ अर्ब २४ करोडको खुद तरलता प्रवाह भएको थियो ।

७९. आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनासम्ममा भारतीय बजारमा अमेरिकी डलर १ अर्ब ३५ करोड बिक्री गरी भारू ६३ अर्ब ६२ करोड खरिद भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा अमेरिकी डलर १ अर्ब बिक्री गरी भारू ४७ अर्ब ७७ करोड खरिद भएको थियो । समीक्षा अवधिमा भारतसंगको चालू खाता घाटामा विस्तार आएकोले भारू खरिद बढेको हो ।

८०. चालू आर्थिक वर्षको पहिलो आठ महिनासम्ममा वाणिज्य बैंकहरूले रू ८५ अर्ब १७ करोडको स्थायी तरलता सुविधाको उपयोग र रू १८८ अर्ब ५४ करोडको अन्तर बैंक कारोवार गरेका छन । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा रू ८३ अर्ब २३ करोडको स्थायी तरलता सुविधाको उपयोग भएको थियो भने रू १९३ अर्बको अन्तर बैंक कारोवार भएको थियो ।

८१. चालू आर्थिक वर्षको माघ मसान्तमा ९१-दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर ७.७९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त व्याजदर ६.८३ प्रतिशत रहेको थियो । त्यसैगरी २०६६ फागुन मसान्तसम्ममा भारित औसत अन्तर बैंक व्याजदर ८.८५ प्रतिशतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त व्याजदर ६.३८ प्रतिशत रहेको थियो ।

८२. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनाको अवधिमा व्यापार घाटा ५९.९ प्रतिशतले बढेको छ । यस अवधिमा निर्यात ९.८ प्रतिशतले घटेको छ भने आयात ४२.२ प्रतिशतले बढेको छ । पहिलो सात महिनाको अवधिमा भारततर्फको निर्यात ४.६ प्रतिशतले घटेको छ

भने आयात ३६.१ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी तेस्रो मुलुकर्फको निर्यात १७.७ प्रतिशतले घटेको छ भने आयात ५० प्रतिशतले बढेको छ ।

८३. समीक्षा अवधिमा भारततर्फ गाडी तथा गाडीको पार्टपूर्जा, औषधि, सिमेन्ट, कोइला, रासायनिक पदार्थको आयात बढेको छ भने तेस्रो मुलुकतर्फ सन्चार उपकरण, औषधि तथा मेशिनरी पार्ट्स, सुपारीको आयात उच्च रहेको छ । सुन आयातमा गरिएको नियन्त्रणका कारण माघ महिनामा सुनको आयातमा उल्लेख्य कमी आएको छ ।

८४. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा निजी क्षेत्रतर्फको विप्रेषण आप्रवाह १३.६ प्रतिशतले वृद्धि भई रू १२४ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त क्षेत्रको विप्रेषण आप्रवाह ५८.६ प्रतिशतले वृद्धि भई रू १०९ अर्ब ४० करोड भित्रिएको थियो ।

८५. आर्थिक वर्ष २०६६/६७ फागुन मसान्तसम्ममा नेपाल राष्ट्र बैंकको कूल विदेशी विनिमय संचिति रू १८५ अर्ब ९४ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा नेपाल राष्ट्र बैंकको कूल विदेशी विनिमय संचिति रू २१७ अर्ब ९८ करोड रहेको थियो । अघिल्लो वर्षको तुलानामा व्यापार घाटामा अत्यधिक विस्तार आएका कारण विदेशी विनिमय संचितिमा ह्रास आएको हो । २०६६ पुस महिनादेखि विदेशी विनिमय संचितिमा ह्रास हुने क्रम भने रोकिएको छ ।

## वित्तीय तथा वाह्य क्षेत्र कार्यक्रमहरूको कार्यान्वयन स्थिति

८६. साना तथा घरेलु उद्योग, उत्पादन तथा सेवामूलक उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमतामा सहयोग पुऱ्याउन र राष्ट्रिय प्राथमिकतामा रहेका वित्तीय रुपले रुग्ण उद्योगहरूको पुनरुत्थानको लागि यस बैंकले पुनरकर्जा सम्वन्धी सुविधाको व्यवस्था गर्दै आएको छ । साथै, वित्तीय पहुँच नपुगेका अर्थतन्त्रका विभिन्न क्षेत्र र विपन्न वर्गमा सहुलियत दरमा कर्जाको विस्तार गर्न विपन्न वर्ग कर्जा कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ । समीक्षा अवधिमा रुग्ण उद्योग पुनरकर्जा सुविधा अन्तर्गत पश्चिमान्चल विकास बैंकलाई एक होटलको लागि रू ५७ लाख ५० हजार उपलव्घ गराईएको छ । तर, साना तथा घरेलु उद्योग र निर्यात उद्योगहरुलाई व्यवस्था हुँदै आएको पुनरकर्जा सुविधाको भने हालसम्म उपयोग हुन सकेको छैन । नेपाली निर्यातको प्रतिस्पर्धी क्षमता क्षय भई निर्यात व्यापारमा ह्रास आईरहेको स्थितिमा सम्वन्धित उद्यमीले वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीबाट ४ प्रतिशत व्याजदरमा निर्यात पुनरकर्जा सुविधा उपयोग गरेमा उत्पादन लागत घट्न गई निर्यातको प्रतिस्पर्धी क्षमतामा सुधार ल्याउन मद्दत पुग्ने यस बैंकको विश्वास छ ।

८७. वित्तीय क्षेत्र स्थायित्वको लागि कार्यान्वयनमा ल्याइएको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नियमन तथा सुपरिवेक्षण कार्यको समयानुकूल सुधार, ऋण असूली न्याधिकरणको क्षमता अभिवृद्धि, नेपाल सरकारको स्वामित्वमा रहेका दुई वाणिज्य बैंकहरू नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको वित्तीय सुधार तथा समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि रहेका छन् । यस अन्तर्गत ऋण असूली न्याधिकरणको क्षमता अभिवृद्धि गरी जोखिम व्यवस्थापन प्रणाली विकास गर्न आवश्यक यान्त्रिकीकरणको लागि टेण्डर आह्वान भई मूल्याङ्कनको चरणमा रहेको र तालिम दिने कार्य भइरहेको छ भने माथि उल्लेखित दुई वाणिज्य बैंकहरूको पूँजी पर्याप्ततालाई तोकिएको स्तरमा पुऱ्याउन पूँजी योजना तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । साथै, वित्तीय क्षेत्रसंग सम्बन्धित मुद्दाहरूको छिटो किनारा लगाउने उद्देश्यले चालू

वर्ष सर्वोच्च अदालतको परामर्शमा पुनरावेदन अदालतहरूमा चार वटा वाणिज्य इजलासहरूको स्थापना भइसकेको छ ।

८८. सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को प्रभावकारी कार्यान्वयन गर्न रू ५० लाख वा सो भन्दा बढीको रकम भिक्दा वा जम्मा गर्दा अनिवार्यरुपमा एकाउन्ट पेयी चेक मार्फत् गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी यस बैंकमा रहेको वित्तीय जानकारी ईकाइमा सूचक संस्थाहरुले पठाउनु पर्ने तथ्याङ्क, सूचना एवम् जानकारी सम्बन्धी निर्देशिका तयार भई लागु गरिएको छ भने बैंक तथा वित्तीय संस्था, क्यासिनो, रेमिटर तथा मनि चेन्जरहरूले वित्तीय जानकारी ईकाइमा पठाउनु पर्ने रकमको छुट तथा सीमा तोकिएको छ । अन्य सूचक संस्थाहरूको हकमा निर्देशन जारी गरिने तयारीमा रहेको छ । गैर-कानूनी तथा आतंककारी क्रियाकलापमा लगानी गर्न रोक लगाउन सम्पत्ति शुद्धिकरण निवारण ऐन बमोजिम गठित समन्वय समितिको निर्णय अनुरुप गृह मन्त्रालयको संयोजकत्वमा कानून तथा न्याय मन्त्रालय, परराष्ट्र मन्त्रालय र वित्तीय जानकारी ईकाईको समेत प्रतिनिधित्व भएको समितिले सो सम्बन्धी कार्य गरिरहेको छ ।

८९. यस बैंकबाट इजाजतप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो स्वामित्वमा सहायक कम्पनीको रुपमा “घ” वर्गको लघुवित्त संस्था खोली विपन्न वर्गमा कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ । यस्तो लघुवित्त कारोबार गर्ने “घ” वर्गको सहायक कम्पनीमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरूले चूक्ता पूँजीको न्यूनतम ५१ प्रतिशत तथा अधिकतम ७० प्रतिशतसम्म संस्थापक शेयर स्वामित्व लिन सक्ने छन भने ३० प्रतिशत शेयर सर्वसाधरणको लागि बिक्री गर्नु पर्ने व्यवस्था गरिएको छ । यस्ता सहायक कम्पनीको वित्तीय विवरण मुख्य कम्पनीको वित्तीय विवरणको ढाँचासंग सामन्जस्य हुनुपर्ने र मुख्य कम्पनीले आफ्नो वित्तीय विवरण पेश गर्दा सहायक कम्पनीको पनि वित्तीय विवरण एकीकृत रुपमा पेश गर्नु पर्ने छ भने मुख्य कम्पनी र सहायक कम्पनीबीचको कारोवार प्रतिस्पर्धी बजार मूल्यको आधारमा (Arm's length transactions) हुनु पर्नेछ । मुख्य कम्पनी र सहायक कम्पनीको पूँजी पर्याप्तता छुट्टाछुट्टै गणना गरिनुको साथै एकीकृत रूपमा गणना गरिने पूँजीकोषको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले कायम गर्नु पर्ने स्तरमा यथावत कायम गरिएको छ । यसरी स्थापना गरिएको कम्पनीको अस्तित्व एउटा छुट्टै वित्तीय संस्थाको रुपमा रहने छ र बैंक तथा वित्तीय संस्थाले उक्त वित्तीय संस्थामा गरेको शेयर लगानी तथा कर्जा प्रवाहलाई विपन्न वर्ग कर्जामा गणना गरिने नीतिगत व्यवस्था गरिएको छ ।

९०. बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय विवरणका आधारमा जोखिमलाई समयमै पहिचान गरी थप गहिरिन नदिन शिघ्र सुधारात्मक कारवाहीलाई (Prompt Corrective Action ) निरन्तरता दिइएको छ । साथै, गैर-स्थलगत सुपरिवेक्षकीय क्षमतामा अभिवृद्धि गर्दै लैजाने उद्देश्य अनुरुप विद्यमान पूर्व सचेतता प्रणालीलाई (early warning system) अझ बढी प्रभावकारी वनाउँदै लगिने क्रममा वाणिज्य बैंकहरुको हकमा Stress Testing गर्ने कार्यलाई एक कार्यदल गठन गरी अगाडि बढाईएको छ । साथै, स्थलगत निरिक्षण प्रतिवेदनको गुणस्तरमा सुधार ल्याउन प्रतिवेदनको ढाँचा परिवर्तन गरी लागु गरिएको छ ।

९१. ग्रामीण क्षेत्रसम्म वित्तीय सेवा तथा सुविधाको पहुँच पुऱ्याउन यस बैंकले गैर-सरकारी संस्थाहरूलाई सीमित बैंकिङ्ग कारोवार गर्ने इजाजत प्रदान गरेको छ । आर्थिक वर्ष २०६६ को पुस मसान्तसम्ममा ४५ गैर-सरकारी संस्थाहरूले सीमित वित्तीय सेवा उपलब्ध गराई रहेका छन । उक्त गैर-सरकारी संस्थाहरूले आफ्नो संस्था दर्ता भएको जिल्लामा मात्र वित्तीय

कारोवार गर्न पाउने व्यवस्था रहेकोमा उक्त व्यवस्थालाई परिमार्जन गरी नियमित रुपमा लेखापरिक्षण गरी साधारण सभा सम्पन्न गरेको, संस्था विगत तीन वर्षदेखि संचालनमा रहेको, संचिति नोक्सानी नरहेको, कम्तिमा ५० प्रतिशत महिला सहित काठमाण्डौ जिल्लाको हकमा न्यूनतम तीन हजार, तराईका जिल्लाहरूमा दुई हजार र पहाडी जिल्लाहरूमा एक हजार सदस्य संख्या भएको र तोकिएको निर्देशनहरू पुरा गरेको संस्थाले तीन वर्षे व्यवसायिक योजना सहित अन्य तोकिएका प्रक्रिया पुरा गरी कार्य क्षेत्र विस्तारका लागि यस बैंकमा निवेदन दिएमा कार्य क्षेत्र विस्तारको लागि स्वीकृति दिइने व्यवस्था गरिएको छ ।

९२. राष्ट्रिय लघु वित्त नीति २०६४ जारी भइसकेको परिप्रेक्ष्यमा लघु वित्त बिकास बैंक तथा अन्य वित्तीय सहकारी/गैर सरकारी संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी कार्यको लागि एक छुट्टै दोश्रो तहको निकाय (Second Tier Institution) को गठन र लघु बित्त विकास कोषको रकम परिचालन गर्ने कार्यको लागि लघु वित्त ऐनको मस्यौदा तयार गरी अन्तिम रुप दिन ग्रामीण स्वाबलम्बन कोषको संचालक समितिमा पेश भई छलफलमा रहेको छ । साथै, लघुवित्त सम्बन्धी गतिविधि, कानूनी, नीतिगत व्यवस्थाबारे सूचना तथा तथ्याँक सार्वजनिक गर्ने उद्देश्यका लागि लघुवित्त विभागमा सो सम्बन्धी फाँट खडा गरी सूचना तथा तथ्याँक संकलन गर्ने कार्य भईरहेको छ ।

९३. बहुराष्ट्रिय कम्पनीहरुले आफ्ना क्षेत्रीय कार्यालय भारतमा स्थापना गरी नेपाल लगायतका यस क्षेत्रका मुलुकहरुसंगको कारोवार सोही कार्यालयबाट गर्न थालेकाले भारतस्थित त्यस्ता कार्यालयको नाममा प्रतितपत्र खोली तेश्रो मुलुकमा निर्मित बस्तुहरु भारत वा तेश्रो मुलुकबाट शिपमेन्ट गरेको आधारमा हुने आयातको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा भारतमा समेत गर्न सकिने व्यवस्था गरिएको छ । यस व्यबस्थाबाट आयातकर्ताहरु थप लाभान्वित हुने विश्वास लिइएको छ ।

९४. बिदेशमा ऋण लिने प्रयोजन बाहेक विदेशस्थित कुनै निकायलाई नेपालबाट बस्तु निर्यात तथा सेवा उपलब्ध गराउने लगायतका बिबिध व्यवसाय गर्न एवं सो प्रयोजनको लागि अग्रिम भुक्तानी लिन आवश्यक पर्ने विदेशी मुद्रा (भारतीय रुपैया समेत) को बैंक ग्यारेण्टी (Bid Bond, Performance Bond) जारी गर्न यस बैंकबाट स्वीकृति लिनु पर्ने व्यबस्था रहेकोमा यस्ता बैंक ग्यारेण्टीहरु "क" र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु स्वयंले जारी गर्न सक्ने व्यबस्था गरिएको छ ।

९५. नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरुले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था एवम् मनिचेन्जरसँग सटही गरेको नेपाली रुपैया खर्च नभई बाँकी रहेको रकम नेपालबाट प्रस्थान गर्दा Foreign Exchange Encashment Receipt (FEER) को आधारमा अन्तराष्ट्रिय विमानस्थलस्थित बैंक काउण्टरबाट विदेशी मुद्रामा सटही गरिदिने व्यबस्था रहेकोमा अमेरिकी डलर १०० वा सो बराबरसम्मको विदेशी मुद्रा सटही गर्न FEER आवश्यक नपर्ने व्यबस्था गरिएको छ ।

९६. Documentary Collection अन्तर्गत Documents Against Payment (D/P) को माध्यमबाट मात्र आयात गर्न पाइने व्यवस्था रहेकोमा अबदेखि इण्टरनेशनल च्याम्बर अफ कमर्सको Uniform Rules for Collections (URC), ICC Publication No. 522 मा भएको प्रावधान अनुसार समेत "क" वर्गका बैंक र राष्ट्रिय स्तरका "ख" वर्गका बित्तीय संस्था मार्फत् कारोवार गर्नु पर्ने शर्तमा D/A (Documents against Acceptance) को माध्यमबाट पनि

आयात गर्न सकिने र भारत र भुटानबाट हुने आयातको हकमा भारतीय रुपैयामा मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट व्यवसायीहरुलाई आयात कारोवार गर्न सहज हुने विश्वास लिइएको छ ।

९७. प्रतितपत्र कारोवार गर्दा अपनाउनु पर्ने प्रकृया अनुसार नै ड्राफ्ट टि.टि तथा डकुमेण्टरी कलेक्सन मार्फत् पनि एफ.ओ.बी. मूल्यमा आयात गर्न पाइने व्यवस्था गरिएको छ ।

९८. परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने बस्तुहरुको संख्या समीक्षा अवधिमा दुईले थप भई १३७ पुगेको छ । समीक्षा अवधिमा सूचीमा थप भएका वस्तुहरू क्याथोड्स र आल्मोनियम वायर रड रहेका छन ।

९९. विविध विद्युतिय प्रणाली तथा उपकरणहरूको विकास र विस्तारले कतिपय उत्पादन तथा सेवाहरू इन्टरनेट मार्फत खरिद बिक्री हुने प्रचलनले विश्वव्यापी मान्यता पाउदै गएको परिप्रेक्ष्यमा नेपालका व्यवसायीहरुले इण्टरनेटमार्फत् आफ्ना उत्पादन तथा सेवा बिक्री तथा निकासी गर्न सहज हुने गरी इण्टरनेटमार्फत् अन्तरराष्ट्रिय डेबिट/क्रेडिट कार्डवाट भुक्तानी स्वीकार गर्न सम्वन्धित Payment card वा सो कम्पनीको Reseller संग सम्झौता गरी Merchant Service provider वा Principal member वा Associate mememer को रुपमा मान्यात पाएका बैंक तथा वित्तीय संस्था वा व्यवसायीसंग इन्टरनेट कारोवार गर्न आवद्धता लिएमा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी स्वीकार गर्न पाउने व्यवस्था गरिएको छ । यस प्रयोजनको लागि कार्ड सेवा प्रदान गर्न इच्छुक व्यवसायीले सम्वन्धित बैंकमा विदेशी मुद्रा खाता खोल्नु पर्ने र कार्ड कारोवारको आधारमा हुने विदेशी मुद्राको जम्मा तथा खर्च करोवार सोही खाताबाट मात्र गर्नु पर्नेछ ।

१००. बिभिन्न प्रयोजनको लागि व्यक्ति तथा संघ/ संस्थाहरु र बैंक तथा बित्तीय संस्थाहरुलाई अमेरिकी डलर ४,००० सम्मको सटही सुविधा आवश्यक कागजातको आधारमा सोझै **"क"** वर्ग का बैंक र राष्ट्रिय स्तरका **"ख"** वर्गका बित्तीय संस्थाहरुबाट प्राप्त गर्न सकिने व्यवस्था रहेकोमा यस्तो सटही सुविधाको सीमा वृद्धि गरी अमेरिकी डलर ६,००० पुऱ्याइएको छ ।

## आन्तरिक आर्थिक तथा मौद्रिक परिदृष्य

१०१. आर्थिक वर्ष २०६६/६७ को बजेट बक्तव्यमा आर्थिक वृद्धिदर ५.५ प्रतिशत लक्षित गरिएको थियो । मौसम अनुकूल रही कृषि क्षेत्रको उत्पादन वृद्धिदर बढ्ने, नेपाल सरकारको पूँजीगत खर्चमा सुधार आउने तथा लगानी वातावरणमा सुधार भई औद्योगीक, पर्यटन तथा सेवा क्षेत्रको वृद्धिदर उच्च रहने आधारमा उक्त लक्ष्य निर्धारण गरिएको थियो । तर, मौसमको प्रतिकूलताका कारण कृषि क्षेत्रको उत्पादनमा २०.८ प्रतिशत योगदान रहेको धान बालीको उत्पादन ११.१ प्रतिशत र ६.९ प्रतिशत योगदान रहेको मकै बालीको उत्पादन ३.९ प्रतिशतले घट्ने प्रारम्भिक अनुमान कृषि तथा सहकारी मन्त्रालयले गरेको छ । धान तथा मकै बालीको उत्पादनको उक्त अनुमानको आधारमा कृषि क्षेत्रको उत्पादनमा २.६ प्रतिशतले गिरावट आउने देखिन्छ भने अन्य कृषि उत्पादनहरूमा आउने वृद्धिदरको आधारलाई समेत लिँदा चालू वर्ष कृषि क्षेत्रको वृद्धिदर ०.३ प्रतिशतले घट्ने अनुमान रहेको छ ।

१०२. विद्युत लोडसेडिङ्ग र श्रम-सम्बन्ध लगायतका अन्य गैर-आर्थिक कारणहरूले औद्योगिक क्षेत्रको उत्पादनमा नकारात्मक असर परेको छ । तर, अघिल्लो वर्षको पहिलो छ महिनाको तुलनामा आर्थिक वर्ष २०६६/६७ को पहिलो छ महिनामा उत्पादन क्षेत्रको अतिरिक्त थोक तथा खुद्रा व्यापार, वित्त, विमा तथा स्थिर सम्पत्ति र सेवा क्षेत्रतर्फको कर्जा विस्तार उच्च रहेको छ ।

तसर्थ, समग्रमा गैर-कृषि क्षेत्रको उत्पादन वृद्धिदर अघिल्लो वर्ष भन्दा केही उच्च रही ५.८ प्रतिशतमा रहने अनुमान छ । यी आधारमा आर्थिक वर्ष २०६६/६७ मा कूल गार्हस्थ उत्पादन वृद्धिदर ४ प्रतिशतसम्म रहन सक्ने अनुमान छ ।

१०३. आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमा वार्षिक औसत मुद्रास्फीतिदर ७ प्रतिशत कायम रहने प्रक्षपेण गरिएको थियो । यातायात भाडादरमा भएको समायोजनको आधार प्रभावको अन्त्य, वितरण प्रणालीमा सुधार र अन्तराष्ट्रिय बजारमा वस्तु तथा सेवाको मूल्यमा निरन्तर रुपमा आएको कमी जस्ता आधारहरूमा उक्त प्रक्षेपण गरिएको थियो । तर, खाद्य वस्तुहरूको मूल्यमा अपेक्षाकृत सुधार आएन । खाद्य वस्तुको मूल्य वृद्धिदर भारत लगायत अन्तराष्ट्रिय बजारमा उच्च रहन गयो भने आन्तरिक उत्पादन, वितरण तथा अनुगमन प्रणालीमा अपेक्षित सुधार आउन सकेन । फलस्वरुप, खाद्य समूहको मूल्य वृद्धि उच्च स्तरमै कायम रहन गएकोले आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मूल्य वृद्धिदर ११.८ प्रतिशत रह्यो । हिउँदे बाली भित्राउन शुरु भएपछि उक्त बालीहरूको मूल्यमा केही कमी आएतापनि हाल अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर वृद्धि भईरहेको, खाद्य वस्तु समूहको मूल्य वृद्धिमा उल्लेख्य सुधार आउने सम्भावना कम रहको तथा छिमेकी मुलुक भारत लगायत अन्तराष्ट्रिय स्तरमा नै मूल्य स्तर बढ्ने क्रममा रहेकोले आर्थिक वर्ष २०६६/६७ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीतिदर १०.७ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यमा समायोजन गरेमा मूल्य वृद्धिदर उल्लेखित अनुमान भन्दा उच्च रहन सक्नेछ ।

१०४. मौद्रिक व्यवस्थापनको एक महत्वपूर्ण पक्ष देशको विदेशी विनिमय व्यवस्थापन पनि हो । आयातमा उच्च विस्तार हुन गई शोधनान्तर स्थिति पनि घाटामा गएकोले विदेशी विनिमय संचिति घटेर २०६६ असार मसान्तको ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने अवस्थाबाट २०६६ पुस मसान्तमा ६.७ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने अवस्थामा आइपुगेको छ । विदेशी विनिमय संचितिमा चाप परेको अवस्थामा मौद्रिक उपायको रुपमा आन्तरिक कर्जा विस्तारलाई नियन्त्रणमा राखी शोधनान्तर घाटामा सुधार ल्याउन आवश्यक छ । यसर्थ, विदेशी विनिमय संचितिलाई कम्तिमा ६ महिनाको वस्तु तथा सेवा आयात धान्न सहयोग पुग्ने गरी मौद्रिक व्यवस्थापन गरिनेछ । चालू खर्चमा नियन्त्रण र बैदेशिक अनुदानको अंश उच्च रहेको क्षेत्रमा पूँजीगत खर्च बढाउने दिशातर्फ प्रगति भएमा शोधनान्तर घाटामा सुधार ल्याउन थप सहयोग पुग्ने छ ।

१०५. उल्लेखित आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिदर र मुद्राको आय लचकताको आधारमा आर्थिक वर्ष २०६६/६७ को लागि विस्तृत मुद्राप्रदायको वृद्धिदर १४ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा प्रवाह वृद्धिदर १८.२ प्रतिशत रहने अनुमान रहेको छ ।

## विद्यमान नीतिगत व्यवस्थाहरूमा गरिएका परिवर्तनहरू

१०६. तरलता व्यवस्थापनलाई थप प्रभावकारी बनाउन रिभर्स रिपो तथा रिपो वोलकबोलको विद्यमान २८-दिनको अधिकतम अवधिलाई परिवर्तन गरी ४५ दिन पुऱ्याइएको छ ।

१०७. वित्तीय स्थायित्व कायम गर्न तथा तरलता व्यवस्थापनको लागि बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय साधनको स्रोत र उपयोगमा सन्तुलन मिलाउन आवश्यक हुन्छ । यसै तथ्यलाई दृष्टिगत गरी आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमा वैद्यानिक तरलता अनुपात सम्बन्धी नयाँ व्यवस्था लागु गरिएको थियो । उक्त व्यवस्था अनुसार वाणिज्य बैंक, विकास बैंक र वित्त

कम्पनीले २०६७ असार मसान्तदेखि अघिल्लो महिनाको स्वदेशी निक्षेपको क्रमशः ८ प्रतिशत, ३ प्रतिशत र २ प्रतिशत बराबरको लगानी तोकिएको ऋणपत्रमा गर्नु पर्ने प्रावधानलाई परिमार्जन गरीएको छ । यस अनुरुप वैद्यानिक तरलता अनुपात कायम गर्दा तोकिएको ऋणपत्र वा आफूसंग रहेको नगद मौज्दात वा सोही प्रयोजन खोली "क" वर्गको वाणिज्य बैंकमा Call Deposit मा राखेको रकमलाई समेत उक्त व्यवस्थाको लागि योग्य उपकरण (eligible instruments) को रुपमा गणना गर्न पाउने व्यवस्था गरिएको छ ।

१०८. कर्जा प्रवाहको वृद्धिदर उच्च रहे पनि बैंकिङ्ग क्षेत्रको कर्जा घरजग्गा, रियल स्टेट तथा उपभोगतर्फ बढी केन्द्रित रहेको छ । कर्जाको अधिकेन्द्रित जोखिमलाई न्यूनीकरण गर्दै अनुत्पादक क्षेत्रतर्फको कर्जालाई उत्पादनमूलक क्षेत्रतर्फ प्रवाहित गर्न घरजग्गा तथा रियलस्टेटतर्फको कर्जामा सीमा समेत तोकिएको छ । बैकिङ्ग क्षेत्रको स्थायित्वको लागि समेत छनौटपूर्ण कर्जा नीतिमार्फत् बैंक कर्जा अनुत्पादक क्षेत्रबाट उत्पादनमूलक क्षेत्रतर्फ प्रवाहित हुन जरूरी छ । साथै, निर्यात प्रवर्द्धन हुने, आयात प्रतिस्थापन गर्ने, उर्जा र पर्यटन क्षेत्रमा कर्जाको कमी हुन नदिन यस बैंकले उक्त क्षेत्रहरूमा सम्वन्धित क्षेत्रकै असल कर्जाको धितोमामात्र वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई ७.५ प्रतिशत व्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले सम्वन्धित ऋणीबाट यस्तो पुनरकर्जामा १०.५ प्रतिशतभन्दा बढी व्याजदर असुल गर्न पाउने छैनन । उक्त पुनरकर्जाको सीमा तथा अन्य आवश्यक प्रकृयागत व्यवस्था यथाशिघ्र व्यवस्था गरिनेछ ।

१०९. यस बैंकले २ प्रतिशत पुनरकर्जा दरमा सम्बन्धित ऋणीलाई वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीले ५ प्रतिशत भन्दा बढी व्याजदर लिन नपाउने गरी बैंक तथा वित्तीय संस्थालाई स्वदेशी मुद्रामा निर्यात पुनरकर्जा सम्बन्धी सुविधाको व्यवस्था गर्दै आएको छ । निर्यात उद्योगहरूले भोग्नु परेको समस्या र निर्यात व्यापारमा आएको ह्रासलाई दृष्टिगत गरी उक्त पुनरकर्जादर ५० आधार विन्दुले कटौती गरी १.५ प्रतिशत कायम गरिएको छ भने बैंक तथा वित्तीय संस्थाले सम्वन्धित ऋणीबाट ४ प्रतिशत भन्दा बढी व्याज असुली गर्न नपाउने व्यवस्था गरिएको छ । साथै, यस सुविधाको उपयोगमा सम्बन्धित पक्षबाट अग्रसरता होस् भन्ने दृष्टिकोणले सोको प्रकृयागत व्यवस्था, मापदण्ड तथा सीमा सम्वन्धमा यस बैंकले यथाशिघ्र व्यवस्था गर्नेछ ।

११०. आर्थिक उदारीकरण नीतिको अवलम्बनसंगै वित्तीय क्षेत्रलाई पनि खुला गरे पछि यस क्षेत्रमा निजी क्षेत्रको सहभागितामा बैंक तथा वित्तीय संस्थाहरू स्थापना हुने कार्यले तीव्रता पाएको छ । बैंक तथा वित्तीय संस्थाहरूको संख्या र शाखा विस्तारमा आएको तीव्रताले वित्तीय बजार संयन्त्र प्रगाढ हुन गई वित्तीय साधन परिचालन र वित्तीय सेवा विस्तारमा प्रतिस्पर्धा बढदै गएको भएपनि निक्षेप तथा कर्जाको व्याजदरबीचको अन्तरमा भने कमी आउन सेकेको छैन । वित्तीय साधन परिचालनमा कुशलता अभिवृद्धि गरी निक्षेप तथा कर्जाको व्याजदरबीचको अन्तरमा कमी ल्याउन बजार संयन्त्रले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको तथ्यलाई दृष्टिगत गरी वाणिज्य बैंकहरूलाई यस बैंकले पुनरकर्जा सुविधा प्रदान गर्दा निक्षेप तथा कर्जाको व्याजदरबीचको अन्तर (effective interest spread) लाई पनि आधारको रुपमा लिने व्यवस्था गर्नेछ ।

१११. कर्जा प्रवाहबाट उत्पन्न हुने अधिकेन्द्रित जोखिमलाई कम गर्न र अर्थतन्त्रका विभिन्न क्षेत्रहरुमा कर्जा प्रवाहलाई सर्वसुलभ बनाउन हाल कोषमा आधारित सीमा प्राथमिक पूँजीको

२५ प्रतिशत र गैर-कोषमा आधारित समेत गरी कूल एकल ग्राहक कर्जा सीमा प्राथमिक पूँजीको ५० प्रतिशतसम्म कायम रहेको व्यवस्थालाई परिमार्जन गरी वासल कोर सिद्धान्तले कायम गरेको व्यवस्थानुसार विद्यमान एकल ग्राहक कर्जा सीमालाई २०६७ साउन १ गतेदेखि गैर-कोषमा आधारित सीमा समेत गरी प्राथमिक पूँजीको बढीमा २५ प्रतिशत कुल सीमा कायम नै राखी तोकिएका केही क्षेत्रहरुमा सो सीमा अधिकतम ३० प्रतिशत कायम गर्ने व्यवस्था गरिएको छ भने जलविद्युत, ट्रान्समिसन लाइन र केवाल कार निर्माणको लागि यस अघिको ५० प्रतिशतको सीमालाई यथावत कायम गरिएको छ ।

११२. बैंक तथा वित्तीय संस्थाहरू र तिनीहरूको शाखा संख्यामा विस्तार हुँदै आएको भए पनि ग्रामीण क्षेत्रमा वित्तीय सेवाको पहुँच भने अपेक्षित रुपमा बढ्न सकेको छैन । यसर्थ, ग्रामीण क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने उद्देश्यले वित्तीय सेवाको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा स्थापना हुन चाहने "घ" वर्गका लघुवित्त विकास बैंकलाई ईजाजत खुला गरिएकोछ । साथै, यस बैंकमा निवेदन दिइसकेका एक देखि तीन जिल्ला कार्य क्षेत्र भएका विकास बैंकहरूलाई पनि ईजाजत खुला गरिएकोछ ।

११३. परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट/टि.टि. का माध्यमबाट सामान आयात गर्दा एक पटकमा अग्रिम भुक्तानी पठाउन सकिने विद्यमान सीमालाई परिवर्तन गरी अमेरिकी डलर २५,००० कायम गरिएकोछ ।

११४. तरलता व्यवस्थापनमा सहयोग पुगोस भन्ने उद्देश्यले "क" वर्गका वित्तीय संस्थाहरूले यस बैंकको स्वीकृतीमा अन्तराष्ट्रिय बजारबाट संस्थागत साधन परिचालन गर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाइने छ । तर, यसरी परिचालित संस्थागत साधन भुक्तानी गर्दा यस बैंकको अग्रिम स्वीकृति लिनु पर्ने व्यवस्था गरिनेछ ।

११५. "क" वर्गका वित्तीय संस्थाहरूले विदेशमा शाखा विस्तार गर्न चाहेमा सम्बन्धित मुलुकको कानून बमोजिम स्वीकृति प्राप्त गरी यस बैंकमा निवेदन दिएमा विदेशमा शाखा खोल्न दिने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ । यसबाट शाखा खोलिने मुलुकसंगको भुक्तानी कारोवारमा सहजता आउने अपेक्षा गरिएको छ । साथै, सीमा क्षेत्रमा हुने भुक्तानीको नगद कारोवारलाई अन्य सुरक्षित उपकरणमार्फत् कारोवार गर्न प्रोत्साहित गर्ने हेतुले बैंकहरूलाई आवश्यक सुविधा उपलव्ध गराइनेछ ।

११६. राहादानी वापतको सटही सुविधाको दुरुपयोग नहोस् भन्ने उद्देश्यले उक्त सुविधाको सीमालाई औचित्यताको आधारमा संशोधन गरिएकोछ ।

११७. केही संवेदनशील वस्तुको आयातमा अस्वभाविक प्रवृत्ति देखिएकोले त्यस्ता वस्तुको अनावश्यक आयात नियन्त्रण गर्न बैंकहरूले एल.सी. खोल्दा लिने मार्जिन दर बढाइएकोछ ।

## मौद्रिक नीतिको अडान तथा व्यवस्थापन

११८. मूल्य वृद्धि र शोधनान्तर घाटा मौद्रिक व्यवस्थापनका प्रमुख चुनौती र यस बैंकका चासोका विषयहरु हुन । मूल्य वृद्धिदर दोहोरो अंकमा र शोधनान्तर घाटा उच्च रहेको कारण विदेशी विनिमय संचितिमा चाप परेको छ । यसर्थ, मौद्रिक नीतिका प्रमुख दुई उद्देश्यहरू मूल्य स्थायित्व र वाह्य क्षेत्र स्थायित्व कायम राख्ने कार्य चुनौतीपुर्ण रहेको छ । यस्तो अवस्थामा आयातमा भएको अवान्छित विस्तारलाई नियन्त्रण गरी विदेशी विनिमय संचितिमा थप दवाव पर्न नदिन मौद्रिक उपायको रुपमा तरलता तथा कर्जाको वृद्धिदरलाई नियन्त्रण गर्नु पर्ने हुन्छ ।

यसको अर्थ मौद्रिक नीतिको अडान वर्तमान आर्थिक परिस्थितिमा खुकुलो हुनु हुदैन भन्ने नै हो ।

११९. मौद्रिक नीतिको अन्तरिम लक्ष्य यथार्थ विनिमयदरलाई तटस्थ (neutral) राख्नु पनि हो । नेपाली मुद्राको यथार्थ विनिमयदरलाई तटस्थ राखी मुद्रा अधिमूल्यनबाट नेपालको व्यापार घाटा, विनिमयदर, शोधनान्तर तथा विदेशी विनिमय संचितिमा चाप पर्न नदिन पनि सजग तथा कडा मौद्रिक अडानलाई निरन्तरता दिनु पर्ने आवश्यकता छ ।

१२०. बिगत केही महिना देखि वाणिज्य बैंक लगायत मौद्रिक नीतिका अन्य समकक्षीको रुपमा रहेका विकास बैंक र वित्त कम्पनीहरूले तरलतामा दवावको स्थिति महसुस गरेका छन । वास्तविक क्षेत्रले अपेक्षित गति लिन नसक्दा आन्तरिक उत्पादन प्रभावित भई निर्यात घट्ने तथा आयात बढ्ने प्रवृत्तिले शोधनान्तर घाटामा रहनु, नेपाल सरकारको नगद बचत र वाणिज्य बैंक लगायत अन्य वित्तीय संस्थाहरूले अख्तियार गरेको उदार कर्जा नीतिले तरलताको अवस्था सुविधाजनक हुन नसकेको हो । बैंक तथा वित्तीय संस्थाबाट अनावश्यक रूपमा अनुत्पादनक क्षेत्रतर्फ कर्जा विस्तार हुन गई समग्र वित्तीय क्षेत्र स्थायित्वमा आउन सक्ने जोखिमतर्फ सचेत रहदै यस बैंकले तरलताको अभावको प्रकृति अनुसार खुला बजार कारोबारबाट समस्याको आवश्यक सम्बोधन गर्दै पनि आएको छ । लगानीको वातावरणमा सुधार नभएसम्म औद्योगिक क्षेत्रको गतिविधिमा अपेक्षित सुधार हुन नसक्ने र निर्यात व्यापारमा सुधार हुन कठिन हुने भएकोले बैंक तथा वित्तीय संस्थाहरूले पनि पोर्टफोलियो संरचनामा नगद तथा तरलता व्यवस्थापनलाई प्राथमिकतामा राखी कर्जा प्रवाह गर्ने नीति अख्तियार गर्नु पर्ने आवश्यकता छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरूले भोग्नु परेको तरलताको समस्यालाई आफैंभित्रबाट सम्बोधन गर्न सहयोग पुग्ने छ । नेपाल राष्ट्र बैंकका प्रमुख दुई उद्देश्यहरू हाल जोखिममा रहेको अवस्थामा अनिवार्य नगद अनुपातमा कटौती गर्ने वा मौद्रिक सहजताका अन्य उपाय अवलम्बन गर्ने कार्य मौद्रिक नीतिका लक्ष्यसँग विरोधाभासपूर्ण (contradictory) र प्रत्युत्पादक (self-defeating) हुन जाने हुँदा अनिवार्य नगद अनुपातलाई ५.५ प्रतिशत र बैंक दरलाई ६.५ प्रतिशतमा यथावत कायम राखिएको छ ।

१२१. तरलतामा मध्यकालीन असर पार्ने आनिवार्य नगद अनुपातमा समायोजन गर्ने वा नगर्ने भन्ने निर्णय लिइँदा यस बैंकका प्राथमिक उद्देश्यहरूको स्थितिको अतिरिक्त वाणिज्य बैंकहरूको कर्जाको वृद्धिदरलाई समेत आधारको रुपमा लिइने छ । मौद्रिक तरलताको स्वचालित कारकहरूबाट यस बैंकले लक्षित गरेको कर्जाको वृद्धिदर हासिल हुन नसक्ने देखिएमा आवश्यक मौद्रिक उपायहरू अवलम्बन गरिने छ । केन्द्रीय बैंकले मौद्रिक नीतिमा निर्धारण गर्ने कर्जा वृद्धिदरको लक्ष्यलाई वाणिज्य बैंकहरूले आफ्नो कर्जा सम्बन्धी रणनीति तय गर्दा मार्गदर्शनको रुपमा लिउन भन्ने अभिप्राय रहन्छ । यसबाट बैंकहरूलाई सुविधाजनक तरलताको स्थिति कायम गर्न पनि सहयोग मिल्नेछ । तर, हाल वाणिज्य बैंकहरूको कर्जा विस्तार यस बैंकले लक्ष्य गरे भन्दा करिव १० प्रतिशत विन्दुले उच्च रहदै आएको छ । यसले पनि मौद्रिक नीतिको सजग अडानमा परिवर्तन गर्नु पर्ने आवश्यकता देखिदैन ।

१२२. वाणिज्य बैंक लगायतका मौद्रिक नीतिका समकक्षीहरुको तरलताको स्थितिमा बेलाबखत आउने कमीले भुक्तानी प्रणालीमा प्रतिकूल असर नपुऱ्याओस र सर्वसाधारणको बैंक तथा वित्तीय संस्थामाथिको विश्वासमा कमी नआओस् भन्ने उद्देश्यले वाणिज्य बैंकहरुको पहलमा नेपाल सरकारको ऋणपत्रको धितोमा स्वतः उपलब्ध हुने गरी व्यवस्था गरिएको स्थायी तरलता सुविधाको व्याजदर गणना सम्वन्धी व्यवस्थामा परिवर्तन गरिएको छ । उक्त

सुविधाको व्याजदर गणना गर्दा ९१-दिने ट्रेजरी विल्स र रिपो बोलकबोलको भारित औसत व्याजदरको अलावा बैंक दरलाई समेत समावेश गरी गणना गरिने नयाँ व्यवस्था कायम गरिएको छ । यस व्यवस्थाबाट स्थायी तरलता सुविधाको न्यूनतम व्याजदर प्रचलित बैंक दरको आधारमा ९.५ प्रतिशत र सो भन्दा माथिको व्याजदर बजार प्रक्रियाबाट तय हुनेछ । मौद्रिक नीतिका प्रमुख उद्देश्यहरू जोखिममा रहेकोले मौद्रिक नीतिको अडान व्यक्त गर्न र कर्जा विस्तारमा कमी ल्याई समकक्षी बैंक तथा वित्तीय संस्थाहरूको नगद मौज्दात तथा तरलता व्यवस्थापनमा सहयोग पुऱ्याउन उक्त व्यवस्था गरिएको हो । उक्त सुविधा सम्बन्धी अन्य व्यवस्थाहरू यथावत कायम गरिएको छ ।

१२३. मौद्रिक व्यवस्थापनमा खुला बजार कारोवारलाई प्रमुख र प्रभावकारी उपकरणको रुपमा सन्चालन गरिदै आइएको छ । खुला बजार कारोवार अन्तर्गत सोझै खरिद बोलकबोल र सोझै बिक्री बोलकबोललाई बहुमूल्यको आधारमा र रिपो बोलकबोल तथा रिर्भस रिपो बोलकबोललाई बहुव्याजदरको आधारमा बोलकबोल हुने व्यवस्थालाई यथावत कायम गरिएको छ । तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको आधारमा तरलता मापन गर्ने कार्यलाई यथावत राखी उक्त प्रक्षेपण संरचनाले ईङ्गित गर्ने तरलताको आधारमा खुला बजार कारोवार संचालन गरिनेछ ।

१२४. यस बैंकले विभिन्न क्षेत्रका लागि तोकेको पुनरकर्जा दरहरू तथा बैंक तथा वित्तीय संस्थाले पुरा गर्नु पर्ने विपन्न वर्ग कर्जा सम्वन्धी प्रावधान यथावत कायम गरिएको छ । साना तथा घरेलु उद्योग र निर्यात उद्योगहरुलाई व्यवस्था हुँदै आएको पुनरकर्जा सुविधाको भने हालसम्म उपयोग हुन सकेको छैन । निर्यात व्यापारमा ह्रास आईरहेको स्थितिमा सम्वन्धित ऋणीले वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीबाट ४ प्रतिशत व्याजदरमा निर्यात पुनरकर्जा सुविधा उपयोग गरेमा निर्यातको प्रतिस्पर्धी क्षमतामा सुधार ल्याउन मद्दत पुग्ने यस बैंकको विश्वास रहेको छ । यस सुविधाको उपयोगमा सम्बन्धित पक्षबाट अग्रसरता होस् भन्ने दृष्टिकोणले सोको प्रकृयागत व्यवस्था, मापदण्ड तथा सीमा सम्वन्धमा यस बैंकले यथाशिघ्र व्यवस्था गर्नेछ ।

१२५. बैंक तथा वित्तीय क्षेत्रमा तरलताको अभाव हुन नदिई वित्तीय स्थायित्व कायम गर्न बैंक तथा वित्तीय संस्थाहरूले कर्जा-निक्षेप अनुपात कायम गर्नु पर्ने व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट बैंक तथा वित्तीय संस्थाको कर्जा सापटी वान्छित स्तरमा कायम हुन गई तरलताको समेत समुचित व्यवस्थापनमा सहयोग पुग्ने विश्वास लिइएको छ । साथै, कुनै एक क्षेत्रमा हुने कर्जाको अधिकेन्द्रित जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले घरजग्गा तथा रियल स्टेटतर्फको कर्जामा समेत सीमा कायम गरिएको छ ।

## निष्कर्ष,

१२६. मौद्रिक नीतिका अन्तिम लक्ष्यहरू मुल्य वृद्धि हाल दोहोरो अंकमा रहेको छ भने शोधनान्तर घाटा उच्च रहेको छ । बैंकहरू fully loaned up को स्थितिमा रही आन्तरिक कर्जाको विस्तार उच्च रहेको छ । मूल्य वृद्धि र शोधनान्तर घाटा उच्च रहको स्थितिमा आन्तरिक कर्जा मौद्रिक विस्तारको कारक बन्न नहुनेमा यस बैंक सजग छ । यी परिसूचकहरूको विश्लेषणको आधारमा नै मौद्रिक नीतिको अडान सजग तय गरिएको हो । गैर-आर्थिक कारणहरूबाट आन्तरिक आर्थिक तथा औद्योगिक गतिविधिमा शिथिलता आउन गई निर्यात व्यापार खस्कने र आयातमा भर पर्नु पर्ने अवस्थाको विकास हुँदै गएको अवस्थामा मौद्रिक नीतिको सजग अडान र परिवर्तित नितिगत व्यवस्थाहरूबाट तरलताको व्यवस्थापनमा समेत

सहजता मिल्नुको साथै समग्र अर्थतन्त्रको सन्तुलन कायम गर्न केही हदसम्म सहयोग पुग्ने विश्वास छ । राजनैतिक संक्रमणकालको अन्त्य नभई लगानीकर्ताको आत्मविश्वास र औद्योगिक वातावरणमा सुधार हुन कठिन रहेकोले आर्थिक सन्तुलन कायम गर्न र मौद्रिक नीतिको उद्देश्य हासिल गर्न चुनौतीपूर्ण रहेको छ । तसर्थ, मौद्रिक नीतिको उद्देश्य हासिल गर्न समकक्षी बैंक तथा वित्तीय संस्था, व्यवसायी लगायत सरोकारवाला सबैसंग सदाभैं सहयोग र औचित्यपूर्ण व्यवहारको अपेक्षा गरिएको छ ।

१२७. आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरूको मध्यावधि कार्यान्वयन समीक्षा म्याट्रिक्स अनुसूचीमा दिइएको छ। प्रस्तुत मौद्रिक नीतिको मध्यावधि समीक्षा तयार पार्दा प्रयोग गरिएका आँकडा तथा सूचनाहरू तथ्याङ्क तालिका सूचीमा समावेश गरिएका छन्। आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको कार्यान्वयन कार्यका लागि हालसम्म सहयोग पुर्‍याउने सबैलाई यस बैंक धन्यवाद दिन चाहन्छ ।

# अनुसूची १

## आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरूको प्रगति तालिका विवरण

| क.स. | बुँदा नं. | पृष्ठभूमि | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| १ | ७३ | आयात तथा निर्यात मूल्य सूचकाङ्क (XMPI) को महत्वलाई दृष्टिगत गरी आयात-निर्यात मूल्य सूचकाङ्क तयार गर्ने विधि सम्बन्धमा आर्थिक वर्ष २०६५।६६ मा यस बैंकले एक अध्ययन पनि सम्पन्न गरिसकेको । आर्थिक वर्ष २०६६।६७ मा एकाई मूल्यमा आधारित आयात-निर्यात सूचकाङ्क प्रकाशनमा ल्याइने । | यस सम्बन्धमा आवश्यक कामकारवाहि अगाडि बढाउने । | अनुसन्धान विभाग | एकाई मूल्यमा आधारित आयात-निर्यात मूल्य सूचकाङ्क प्रकाशनको लागि आवश्यक सूचनाहरु संकलन कार्य भइरहेको । |
| २ | ७४ | नेपालको मुद्रास्फीति मापन गर्ने उपभोक्ता मुद्रास्फीति आर्थिक वर्ष २०५२।५३ को तेश्रो पारिवारिक बजेट सर्भेक्षणबाट छनौट गरिएका वस्तु तथा सेवा र खर्च भारमा आधारित रहेको । सामान्यतया प्रत्येक १०-१० वर्षमा उपभोक्ताको खर्च र व्यवहारमा आएको परिवर्तनलाई समायोजन गर्ने उद्देश्यले पारिवारिक बजेट सर्भेक्षणको चौथो श्रृंखला सम्पन्न भइसकेको । आर्थिक वर्ष २०६६।६७ भित्र आधार वर्ष २०६२।६३ को आधारमा नयाँ उपभोक्ता मूल्य सूचकाङ्कको मापन गर्ने कार्य शुरु गरिने । | यस सम्बन्धमा आवश्यक कामकारवाहि अगाडि बढाउने । | अनुसन्धान विभाग | आर्थिक वर्ष २०६६।६७ भित्र आधार वर्ष २०६२।६३ को आधारमा नयाँ उपभोक्ता मूल्य सूचकाङ्कको मापन गर्ने कार्य शुरु गर्नको लागि आवश्यक तयारी हुदै गरेको । |
| ३ | ७५ | आर्थिक वर्ष २०६६।६७ देखि नेपाल राष्ट्र बैंकबाट Macroeconomic Modeling तयार गर्ने कार्यको शुरु हुने । उक्त कार्यबाट नेपाल राष्ट्र बैंकलाई कुल गार्हस्थ्य उत्पादन, मुद्रास्फीति लगायत अन्य समष्टिगत अर्थतन्त्रका परिसूचकहरुको प्रक्षेपण गर्न थप सहयोग पुग्ने । | यस सम्बन्धमा आवश्यक कामकारवाहि अगाडि बढाउने । | अनुसन्धान विभाग | एसियन डिभलोपमेन्ट वैंकको सहयोगमा Macroeconomic Modeling को कार्य जारी रहेको । |
| ४ | ७६ | भारतसँगको खुला सिमाना र बढ्दो अन्तरनिर्भरताका कारण मुलुकभित्र भारतीय मुद्राको बढ्दो प्रयोगले मौद्रिक नीतिको प्रभावकारीतामा पार्ने नकारात्मक असरलाई समेत दृष्टिगत गरी देशभित्र रहेको भारतीय मुद्रा प्रचलनको स्तर पहिचान गर्ने उद्देश्यले आर्थिक वर्ष २०६६।६७ भित्र यस सम्बन्धी अध्ययन कार्य सम्पन्न गरिने । साथै भारतीय मुद्राको प्रचलनलाई बैंकिङ्ग क्षेत्रको दायराभित्र ल्याइने । | यस सम्बन्धमा आवश्यक कामकारवाहि अगाडि बढाउने । | अनुसन्धान विभाग | देशभित्र रहेको भारतीय मुद्रा प्रचलनको स्तर पहिचान गर्न सो संवन्धि अध्ययन कार्य जारी रहेको । |
| ५ | ८२ | आर्थिक वर्ष २०६६।६७ मा वार्षिक औषत मुद्रास्फीति ७.० प्रतिशत रहने प्रक्षेपण गरिएको । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | खाद्यान्न समूहको मूल्य उच्च रहेको तथा आपूर्तिजन्य कारणहरुले मुद्रास्फीतिमा चाप पारिरहेको सन्दर्भमा मूल्य वृद्धिदर १०.७ प्रतिशतसम्म कायम रहने संशोधित अनुमान रहेको । |

| क्र.स. | बुँदा नं. | पृष्ठभूमि | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| ६ | ८३ | आर्थिक वर्ष २०६६।६७ का लागि कम्तिमा ६ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी विनिमय सञ्चितिको लक्ष्यको आधारमा शोधनान्तर बचत रु. १८ अर्ब हुने प्रक्षेपण गरिएको । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | समीक्षा अवधिसम्मको प्रवृत्तिको आधारमा लक्ष्य अनुरुपको शोधनान्तर बचत कायम हुन नसक्ने तर हाल उच्च स्तरमा रहेको शोधनान्तर घाटामा भने सुधार भई चालु वर्षको अन्त्य सम्ममा शोधनान्तर घाटा रु ८ अर्ब ८८ करोड रहने संशोधित अनुमान रहेको । |
| ७ | ८४ | नेपाल सरकारले आर्थिक वर्ष २०६६।६७ को बजेट वक्तव्यमा उल्लेखित ५.५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहज हुने गरी मौद्रिक तरलताको व्यवस्थापन गरिने । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | आर्थिक वृद्धिदर ४ सम्म रहने संशोधित अनुमान रहेकोले सो अनुरुप तरलता व्यवस्थापन गरिने । |
| ८ | ८५ | आर्थिक वर्ष २०६६।६७ का लागि विस्तृत मुद्रा प्रदायको वाञ्छित वार्षिक वृद्धिदर १७.० प्रतिशत प्रक्षेपण गरिएको । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | विस्तृत मुद्राप्रदायको वृद्धिदर १४ प्रतिशत रहने संशोधित अनुमान गरिएको । |
| ९ | ८६ | कुल आन्तरिक कर्जामध्ये वाणिज्य बैंकहरुबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर आर्थिक वर्ष २०६६।६७ मा २०.७ प्रतिशत रहने प्रक्षेपण रहेको । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | वाणिज्य बैंकहरुबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जा १८.२ प्रतिशतले विस्तार हुने संशोधित अनुमान रहेको । |
| १० | ८७ | आर्थिक वर्ष २०६५।६६ देखि मौद्रिक नीति सञ्चालनको समकक्षीको दायरा फराकिलो पारी वाणिज्य बैंकका अतिरिक्त विकास बैंक र वित्त कम्पनीलाई पनि समकक्षीको रुपमा लिइयो । अघिल्लो आर्थिक वर्षदेखि नै समकक्षीलाई प्रदान गर्ने सुविधाको रुपमा मौद्रिक नीति सञ्चालनको उपकरणको रुपमा दोस्रो बजार कारोवारमा सहभागी हुन र सरकारी ऋणपत्रको धितोमा स्थायी तरलता सुविधा प्रदान गर्ने व्यवस्थालाई यथावत कायम गरिएको । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने । | राष्ट्र ऋण व्यवस्थापन विभाग | विकास बैंक र वित्त कम्पनीहरुले पनि दोश्रो खुला बजार कारोबारमा सहभागी भएको । साथै विकास बैंक र वित्त कम्पनीहरुले समेत स्थायी तरलता सुविधा उपयोग गरेको । समीक्षा अवधिमा रू ६५ अर्ब २५ करोड उपयोग भएको मध्ये विकास बैंक र वित्त कम्पनीले रू १४ करोड ८४ लाख उपयोग गरेको । |

| क्र.सं. | बुँदा नं. | पृष्ठभूमि | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| ११ | ८८ | वित्तीय क्षेत्रमा आएको परिवर्तन र संरचनालाई दृष्टिगत गरी आर्थिक वर्ष २०६६।६७ देखि बैंक तथा वित्तीय संस्था ("क" देखि "ग" वर्गसम्म) हरुसँगको अनिवार्य नगद अनुपात बाहेकको अधिक तरलतालाई मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने । त्यसैगरी वाणिज्य बैंकहरुसँगको मात्र अधिक तरलताको अनुगमन र प्रक्षेपण गर्न तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको प्रयोग गरिँदै आएकोमा यस संरचनाबाट आर्थिक वर्ष २०६६।६७ मा तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको माध्यमबाट व्यवहारिक अध्ययन गरी वाणिज्य बैंक लगायत विकास बैंक र वित्त कम्पनीसँगको अधिक तरलताको अनुगमन र प्रक्षेपण गर्ने व्यवस्था समेत मिलाइने । यसका साथै बैंक तथा वित्तीय संस्थाहरुबाट उनीहरुसँग रहेको निक्षेप, कर्जा तथा नगद मौज्दात सम्बन्धी विवरणका आधारमा यस बैंकले तरलता स्थितिको अनुगमन गर्ने व्यवस्थालाई समेत चालू आर्थिक वर्षमा पनि निरन्तरता दिइएको । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक कामकारवाही अगाडी बढाउने । | अनुसन्धान विभाग, बैंक सुपरिवेक्षण विभाग | वाणिज्य बैंकहरको हकमा नियमित अनुगमन गर्ने गरिएको । तरलता अनुगमन तथा प्रक्षेपण संरचना अर्न्तगत विकास बैंक तथा वित्त कम्पनीहरुलाई पनि समावेश गरी यसको दायरा फराकिलो पार्ने संवन्धमा अध्ययन हुदै गरेको । |
| १२ | ८९ | आर्थिक वर्ष २०६६।६७ भित्र नेपाल राष्ट्र बैंक वाणिज्य बैंक लगायत विकास बैंक र वित्त कम्पनीको वासलातमा आधारित "विस्तारित मौद्रिक सर्वेक्षण" (Broad Monetary Survey) प्रशोधन र प्रकाशन गरिने । यसको लागि बैंक तथा वित्तीय संस्थाहरुको नियमित रुपमा तथ्याङ्क संकलन गर्ने कार्यलाई थप सुदृढीकरण गरिने । | यस सम्बन्धमा आवश्यक कामकारवाहि अगाडि बढाउने । | अनुसन्धान विभाग/बैंक तथा वित्तीय संस्था नियमन विभाग | यस संबन्धमा विकास बैंक तथा वित्त कम्पनीहरूबाट तथ्याङ्क संकलन तथा प्रशोधन गर्ने कार्य हुदै गरेको । |
| १३ | ९० | बैंकदरलाई मौद्रिक नीतिको अडानको संकेतको रुपमा र खुला बजार तथा स्थायी तरलता सुविधाबाट पनि तरलता उपलब्ध हुन सकेन भने यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई अन्तिम ऋणदाताको सुविधा प्रदान गर्न प्रयोग गरिँदै आईएको । बैंकदर ६.५ प्रतिशत यथावत कायम गरिएको । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/ बैंकिङ्ग कार्यालय | बैंकदरलाई यथावत कायम गरिएको |
| १४ | ९१ | पुनरकर्जातर्फ, निर्यात व्यापारलाई प्रोत्साहन र प्रतिस्पर्धि बनाउने उद्देश्यले नेपाली मुद्रामा प्रवाह हुने निर्यात पुनकरकर्जादरलाई २.० प्रतिशत यथावत कायम राखिएको । वाणिज्य बैंकहरुले यो सुविधा उपयोग गरी ऋण प्रवाह गर्दा सम्बन्धित ऋणीबाट ५.० प्रतिशतभन्दा बढी व्याज लिन नपाउने । वाणिज्य बैंकहरुलाई विदेशी मुद्रामा उपलब्ध गराइने निर्यात पुनरकर्जाको व्याजदर प्रचलित ६ महिने लाइवोर (LIBOR) मा २५ आधार बिन्दु थपेर कायम गरिने व्यवस्था पनि यथावत् कायम गरिएको । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि कारवाही अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/ बैंकिङ्ग कार्यालय | हालसम्म उपयोग नभएको । प्रकृयागत व्यवस्था, मापदण्ड तथा सीमा निर्धारण सम्बन्धमा आवश्यक कार्य भइरहेको । |

| क्र. स. | बुँदा नं. | पृष्ठभूमि | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| १५ | ९२ | राष्ट्रिय प्राथमिकतामा रहेका वित्तीय रुपले रुग्ण उद्योगलाई आर्थिक वर्ष २०५८।५९ देखि शुरु गरिएको पुनरकर्जा सुविधा आर्थिक वर्ष २०६६।६७ मा पनि निरन्तरता दिइएको । आर्थिक वर्ष २०६६।६७ मा यसका लागि रु. २ अर्ब प्रदान गर्न सकिने । यस्तो कर्जाको पुनरकर्जा दर १.५ प्रतिशत यथावत् कायम गरिएको । यो सुविधा उपयोग गर्दा बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट ४.५ प्रतिशतभन्दा बढी व्याज लिन नपाउने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि कारवाही अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग⁄ बैंकिङ्ग कार्यालय | समीक्षा अवधिमा पश्चिमाञ्चल विकास बैंकलाई एक होटलकालागि रु. ५७ लाख ५० हजार पुनरकर्जा प्रदान गरिएको । |
| १६ | ९३ | साना तथा घरेलु उद्योगहरुले आय आर्जन तथा रोजगारीमा गरेको योगदानलाई दृष्टिगत गरी यस्ता उद्योगहरुलाई प्रवाह भएको कर्जाको धितोमा वाणिज्य बैंक, विकास बैंक तथा बीत्त कम्पनीहरुलाई २.५ प्रतिशत व्याजदरमा पुनरकर्जा उपलब्ध गराउने व्यवस्था यथावत् कायम राखिएको । तर, बैंक तथा वित्तीय संस्थाले यो सुविधाको उपयोग गर्दा सम्बन्धित ऋणीबाट ५.५ प्रतिशतभन्दा बढी व्याज लिन नपाउने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि कारवाही अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग⁄ बैंकिङ्ग कार्यालय | प्रकृयागत व्यवस्था, मापदण्ड तथा सीमा निर्धारण सम्बन्धमा आवश्यक तयारी भइरहेको । |
| १७ | ९४, ९५ | आर्थिक वर्ष २०६६।६७ मा पनि मौद्रिक नीतिको अडान अनुरुप अल्पकालिन तरलता व्यवस्थापनका लागि रिपो र रिभर्स रिपो तथा मध्यकालिन तरलता व्यवस्थापनका लागि सोभै खरीद बोलकबोल र सोभै बिक्री बोलकबोल जस्ता उपकरणहरुको प्रयोगलाई निरन्तरता दिइने । खुला बजार कारोवार उपकरणहरुमध्ये रिपो तथा रिभर्स रिपो बोलकबोल बहु व्याजदर बोलकबोलमा र सोभै बिक्री तथा सोभै खरीद बोलकबोल बहुमूल्यमा गरिने व्यवस्थालाई निरन्तरता दिइने । रिपो तथा रिभर्स रिपो बोलकबोलको अधिकतम अवधि २८ दिन यथावत् कायम राखिएको । | साविक बमोजिम तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले निर्क्योल गर्ने अधिक तरलताको स्थितिको आधारमा मौद्रिक उपायको रूपमा खुला बजार कारोबार सञ्चालन गर्ने । | राष्ट्र ऋण व्यवस्थापन विभाग | खुला बजार कारोवारबाट समीक्षा अवधिमा रू ३४ अर्ब ९२ करोडको खुद तरलता प्रवाह भएको । |
| १८ | ९६ | वाणिज्य बैंकहरुले स्वदेशी निक्षेप दायित्वको ५.५ प्रतिशत अनिवार्य नगद मौज्दात कायम गर्नुपर्ने वर्तमान व्यवस्था यथावत् कायम गरिएको । | नीतिगत व्यवस्थाको अनुगमन गर्ने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग⁄ बैंक सुपरिवेक्षण विभाग | यस सम्बन्धी व्यवस्थालाई यथावत कायम गरिएको । |

| क्र. स. | बुँदा नं. | पृष्ठभूमि | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| १९ | ९७ | बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय सवलता कायम राख्न सहयोग पुगोस् भन्ने उद्देश्यले आर्थिक वर्ष २०६६।६७ देखि बैंक तथा वित्तीय संस्थाहरुले वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) कायम गर्नुपर्ने व्यवस्था गरिएको । यस व्यवस्था अनुसार २०६६ पुस मसान्तसम्ममा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो स्वदेशी निक्षेप दायित्वको क्रमशः ६.० प्रतिशत, २.० प्रतिशत र १.० प्रतिशत अनिवार्य रुपमा सरकारी ऋणपत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको । यस्तो अनुपात उल्लेखित बैंक तथा वित्तीय संस्थाहरुले २०६७ असार मसान्तसम्ममा क्रमशः ८.० प्रतिशत, ३.० प्रतिशत र २.० प्रतिशत कायम गर्नु पर्ने । यस सम्बन्धी कार्यविधि २०६६ साउनभित्र जारी गरिने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक कारवाही अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग | मिति २०६६।४।२६ मा परिपत्र गरी २०६६ पुस मसान्त देखि गणना कार्य शुरु भइसकेको । जिल्लास्तरका विकास बैंक तथा वित्त कम्पनीहरुलाई वैधानिक तरलता अनुपातको रुपमा "क" वर्गका बैंकमा मुद्दती खाता वा यस्तै प्रकृतिको निक्षेपमा जम्मा गरेको अवस्थामा समेत मान्य हुने व्यवस्था गर्न उपयुक्त हुने वा अन्य उपयुक्त बिकल्प के हुनसक्छ सो विषयमा विभागीय स्तरमा छलफल भइरहेको । |
| २० | ९८,९९ | यस बैंकले बैंकहरुको आन्तरिक भुक्तानी प्रणालीमा आउन सक्ने जोखिमलाई सम्बोधन गर्ने उद्देश्यले सरकारको ऋणपत्रको धितोमा प्रदान गर्दै आएको स्थायी तरलता सुविधालाई आर्थिक वर्ष २०६६।६७ मा पनि निरन्तरता दिइएको । यस सुविधा लिन सकिने अधिकतम ५ दिनसम्मको अवधिलाई यथावत् कायम गरिएको । स्थायी तरलता सुविधाको विद्यमान सीमा ९० प्रतिशत यथावत कायम गरिएको र स्थायी तरलता सुविधामा लगाउँदै आएको पेनाल व्याजदर पनि साविकको ३.० प्रतिशत र व्याजदर गणना विधि यथावत कायम गरिएको । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि कारवाही अगाडि बढाउने । | राष्ट्र ऋण व्यवस्थापन विभाग | अन्य व्यवस्था यथावत गरी व्याजदर गणनामा बैंक दरलाई पनि समावेश गरिएको । |
| २१ | १०० | यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको हालको नीतिगत व्यवस्था वमोजिम न्यूनतम चुक्ता पूँजीको सीमालाई स्थायित्व प्रदान गर्न उक्त सीमालाई यथावत कायम राखिएको । अब उप्रान्त बैंक तथा वित्तीय संस्थाको पूँजी वृद्धि गर्ने आधार पूँजीकोषलाई मात्र लिइने । यसरी पूँजीकोषको वृद्धि गर्दै जाने नीतिगत व्यवस्था मार्फत बैंकिङ्ग प्रणालीलाई सुदृढ बनाउने नीति नेपाल राष्ट्र बैंकले अवलम्बन गर्ने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि कारवाही अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग⁄ बैंक सुपरिवेक्षण विभाग | बैंक तथा वित्तीय संस्था संस्थापना सम्बन्धी नीतिगत व्यवस्था, २०६३ को पुनरावलोकन हुदै गरेको र सो मा उक्त विषय समेत सम्बोधन हुने । यस बैंकको निर्देशन अनुरुप भए ⁄ नभएको मासिक रुपमा अनुगमन गर्ने गरिएको । |

| क्र. स. | बुँदा नं. | पृष्ठभूमि | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| २२ | १०१ | वित्तीय क्षेत्रको स्थायित्वको लागि वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरुको नियमन तथा सुपरिवेक्षण कार्यलाई समयानुकुल सुधार गर्ने तथा ऋण असुली न्यायाधिकरणलाई थप प्रभावकारी बनाउने लगायतका कार्यक्रमलाई निरन्तरता दिइने । | नीतिगत व्यवस्थाको विश्लेषण सहित कार्यान्वयनको लागि आवश्यक कामकारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/ कानुन महाशाखा | वित्तीय क्षेत्र सुधार कार्यक्रम जारी रहेको र ऋण असुली न्यायाधिकरणलाई अटोमेशन गर्ने र तालिम दिने कार्य भईरहेको । |
| २३ | १०२ | नेपाल सरकारको आर्थिक वर्ष २०६६।६७ को बजेट वक्तव्यमा उल्लेख भए बमोजिम नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको सुधारलाई जारी राख्दै आगामी दुई वर्षभित्र पूँजी पर्याप्तता सुनिश्चित गर्ने कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गरिने । | नीतिगत व्यवस्थाको विश्लेषण सहित कार्यान्वयनको लागि आवश्यक कामकारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग | नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक दुवैको Capital Plan तयार गर्ने कार्य भईरहेको । |
| २४ | १०३ | सहवित्तीयकरण अन्तर्गत प्रवाह भएका कर्जा उपभोग गर्ने फर्म/कम्पनीले अगुवा बैंक तथा सहभागी बैंकहरुसँग मात्र बैंकिङ्ग कारोबार गर्नुपर्ने । यो व्यवस्था Loose Consortium कर्जामा पनि समानरुपले लागू हुने । तर, एक पटक सहवित्तीयकरण समूह गठन भइसकेपछि सो समूहको सहमति लिई नयाँ सदस्यलाई प्रवेश गराउन यो व्यवस्थाले बाधा पुऱ्याएको नमानिने । | नीतिगत व्यवस्थाको अनुगमन गर्ने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग | सम्बन्धित व्यवस्था कार्यान्वयनको लागि मिति २०६६।४।२६ मा परिपत्र जारी भइसकेको । |
| २५ | १०४ | ग्रामीण क्षेत्रमा बैंकिङ्ग सुविधाको पहुँच बढाउन व्यवसायिक प्रतिनिधिको सहायताले Point of Transaction Machine (POT) को माध्यमबाट स्मार्ट कार्डको प्रयोग गरी गरिने दुर्गम/ग्रामीण क्षेत्रमा शाखारहित बैंकिङ्ग सेवा संचालन गर्न बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहित गरिने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक कामकारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग | यस सम्बन्धमा परिपत्र जारी भइसकेको । साथै, केही बैंकहरुले यस्तो सुविधा उपलव्ध गराउन शुरु गरिसकेको । |
| २६ | १०५ | वित्तीय साधन परिचालनमा व्यापकता ल्याउन वित्तीय सम्पत्ति पुनरसंरचना तथा धितोपत्रीकरण (Securitization) सम्बन्धी अवधारणा तयार गरिने र यस सम्बन्धी ऐनको मस्यौदा आर्थिक वर्ष २०६६।६७ भित्र नेपाल सरकार समक्ष पेश गरिने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक कामकारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/ कानुन महाशाखा | मस्यौदा तयार भई सम्वन्धित निकायहरुसंग छलफल जारी रहेको । |

| क्र.सं. | बुँदा नं. | पृष्ठभूमि | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| २७ | १०६ | वित्तीय अनुशासन कायम राख्न र खराब कर्जाको अंशलाई न्यून स्तरमा राख्दै वित्तीय स्थायित्व कायम राख्न विगतमा रु ५ करोडभन्दा माथि ऋण लिई नियतवश ऋण नतिर्ने ऋणीहरुलाई कारवाही गरिदै आएकोमा आर्थिक वर्ष २०६५।६६ देखि रु.१ करोडभन्दा माथि कर्जा लिई नियतवश ऋण नतिर्ने सबै ऋणी उपर पनि कारवाही शुरु भइसकेको । आगामी दिनमा पनि यस्ता ऋणीहरु उपरको कारवाहीलाई प्रभावकारी रुपमा अगाडि बढाइने । | नीतिगत व्यवस्थाको अनुगमन गर्ने र कार्यान्वयनको लागि आवश्यक कामकारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग | उक्त व्यवस्थाको कार्यान्वयन जारी रहेको । हाल सम्म ३५५ जना ऋणीहरुलाई कारवाही गरिएकोमा ३२ ऋणीहरुले ऋण चुक्ता गरिसकेको । |
| २८ | १०७ | सुरक्षित कारोवार सम्वन्धी कार्य गर्नका लागि छुट्टै कार्यालयको स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सहयोग पुर्‍याइने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक कारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/ कानुन महाशाखा | नेपाल सरकारबाट औपचारिक रुपमा यस सम्वन्धमा सहयोग माग भई नआएको । |
| २९ | १०८ | कम्पनी ऐन २०६३, बमोजिम स्थापना भएका कम्पनीहरुका लागि छुट्टै वाणिज्य इजलास स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाउनको लागि सबै सरोकार पक्षहरुसँग समन्वय गरी पहल गरिने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक कामकारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/ कानुन महाशाखा | सर्वोच्च अदालतको परामर्शमा चारबटा पुनरावेदन अदालतहरुमा वाणिज्य इजलास स्थापना भई कार्य समेत प्ररम्भ भइसकेको । |
| ३० | १०९ | नेपाल सरकारले परिभाषित गरे अनुसार दलित, जनजाती, उत्पीडित तथा महिला वर्गलाई राहत पुर्‍याउन र वैदेशिक रोजगार प्रवर्द्धनमा सहयोग पुर्‍याउन सो प्रयोजनका लागि लिने कर्जामा रुग्ण उद्योगलाई प्रदान गरिने पुनरकर्जा सुविधा सरह २०६६/६७ मा पनि रु ५० करोडसम्मको पुनरकर्जा सुविधा उपलव्ध गराइने व्यवस्थालाई निरन्तरता दिइने । | नीतिगत व्यवस्थाको अनुगमन सहित कार्यान्वयनको लागि आवश्यक कामकारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/ बैंकिङ्ग कार्यालय | उक्त व्यवस्था यथावत कायम रहेको तर यस व्यवस्था अन्तरगत हालसम्म कुनै पनि माग आवेदन प्राप्त नभएको । |
| ३१ | ११० | नेपाल सरकारको यूवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा जाने कामदारलाई यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको कर्जा रकमलाई विपन्न वर्ग कर्जामा गणना गरिने व्यवस्थालाई यथावत कायम राखिएको । | नीतिगत व्यवस्थाको अनुगमन सहित कार्यान्वयनको लागि आवश्यक कामकारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंक/वित्तीय संस्था सुपरिवेक्षण विभाग | नेपाल सरकारको यूवा स्वरोजगार तथा प्रशिक्षण कार्यक्रम अन्तर्गत वेदेशिक रोजगारमा जाने कामदारलाई विकास बैंक तथा वित्त कम्पनीहरुले प्रति व्यक्ति रु. १,५०,००० सम्म प्रवाह गरेको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिएको र सो अनुसारको कार्यान्वयन तथा अनुगमन भइरहेको । |

| क्र.स. | बुँदा नं. | पृष्ठभूमि | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| ३२ | १११ | नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लिइसकेको सन्दर्भमा सन् २०१० बाट विदेशी बैंकका थोक बैंकिङ्ग कारोवार गर्ने शाखाहरूलाई प्रवेश गराउने सम्बन्धमा तयार भएको प्रारम्भिक प्रतिवेदनको कार्यान्वयनको लागि आवश्यक पूर्वाधारहरू तयार गर्ने सन्दर्भमा सो सम्बन्धी निर्देशन तथा आवश्यक नीतिगत व्यवस्थाको तर्जुमा गरी लागू गरिने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग | सो सम्बन्धमा नीति तर्जुमा गरी लागू भइसकेको । |
| ३३ | ११२ | वाणिज्य बैंकहरुले नेपाल बाहिर पनि शाखा खोल्न चाहेमा स्वीकृति दिने व्यवस्था मिलाइने । | नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक कामकारवाहि अगाडि बढाउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग | सो सम्बन्धमा नीतिगत व्यवस्था हुँदै रहेको । |
